# परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

प्रभावकारी शिक्षण शिक्षकको एक पेशागत कला हो । यो कलालाई सम्पन्न गर्न शिक्षक निपूण नभए सिक्ने अवसरबाट विद्यार्थीहरु बञ्चित हुन्छन् । शिक्षण कार्यमा शिक्षक निपूण हुन तालिम अपरिहार्य छ । तालिम भनेको एउटा साधन हो जसबाट कुनै पनि व्यक्तिले आफूमा भएको ज्ञान, सीप र अभिवृत्तिलाई परिस्कृत गर्न वा पुनर्ताजगीको लागि आफूमा भएको कमजोरी हटाई आवश्यक थप ज्ञान, सीप र धारणा प्राप्त गर्दछ । तालिमको प्रशिक्षक, शिक्षकहरुमा रहेको बृहत ज्ञान र सीप मध्ये समाज, राष्ट्र र अन्तर्राष्ट्रिय परिस्थिति एवम् आवश्यकता सुहाउँदो आवश्यक ज्ञान र सीपलाई प्रभावकारी शिक्षणको लागि तिखार्न मद्धत गर्दछ ।

गुड्स, Dictionary of Education (1959) मा उल्लेख भए अनुसार कुनैपनि व्यक्तिको सिकाइ र पेशागत दक्षता अभिवृद्धि गर्नका लागि सम्वन्धित सन्दर्भ सामग्रीको सहयोगबाट आवश्यक ज्ञान र सीप दिने र प्राप्त ज्ञान र सीपलाई क्रियामुखी बनाई व्यवहारमा लागु गर्न र गराउन सहयोग पुऱ्याउने कार्यलाई तालिम भनिन्छ (श्रेष्ठ र अन्य २०६१) ।

शिक्षक नै गुणस्तरीय शिक्षामा प्रत्यक्षरुपले प्रभाव पार्ने प्रमूख पक्ष हो । पाठयक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धीहरु हासिल गराउनु शिक्षकको पेशागत कर्तव्य हुन आउँछ । तसर्थ विद्यालय क्षेत्र सुधार कार्यक्रम द्वारा निर्दिष्ट नीति एवम् कार्यक्रमको खाका बमोजिम सम्पूर्ण शिक्षकहरुलाई आफ्नो कार्यसम्पादनमा सदा दक्ष प्रतिवद्ध र जवाफदेही तुल्याउन समय समयमा समाधानमुखी पेशागत विकास गतिविधिमा निरन्तर सरिक गराउने उद्देश्य राखी शिक्षक पेशागत विकास कार्यक्रम तालिम सञ्चालनमा ल्याइएको छ ।

यस अन्तर्गत नेपालको तालिमको अध्ययन गर्दा नेपालमा विक्रम सम्वत २००४ सालमा शिक्षण प्रशिक्षण केन्द्रको रुपमा खोली शुरुआत हुदै क्रमशः राष्ट्रिय शिक्षक तालिम केन्द्रको स्थापना सन् १९५४ सेप्टेम्वर ९, नर्मल स्कूल सन् १९५६, प्राथमिक स्कूल शिक्षण केन्द्र सन् १९६४, महिला शिक्षक तालिम शिक्षाशास्त्र अध्ययन संस्थापन अन्तर्गत विक्रम सम्बत २०२७-२८ मा युनिसेफको सहयोगमा दुर्गम क्षेत्र शिक्षक तालिम कार्यक्रम (सन् १९७९) जुम्लामा,

शिक्षा शास्त्र अध्ययन संस्थान अन्तर्गत युनिसेफको सहयोगमा र सिकाइ सन् १९७१ मा रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम १९६८ मा, US/AFID को सहयोगमा स्थलगत शिक्षक तालिम कार्यक्रम सन् १९७२-७४ सम्म स्थापना भई शिक्षक तालिम प्रदान गर्दै आइरहनुको साथै तालिमसंग सम्वन्धित सेती परियोजना देखि लिएर माध्यमिक शिक्षक परियोजना सम्म संचालन भएको पाइन्छ (शै.ज.वि.के., २०६७) ।

यसरी विभिन्न परियोजनाको कार्यक्रम अनुसार शिक्षकलाई तालिम प्राप्त गराउदै विभिन्न चरणहरु पार गरिसकेको छ । यसै क्रममा नेपाल सरकार र ADB बीच वि.सं. २०४९ सालमा सम्झौता भई प्राथमिक शिक्षा विकास परियोजना सञ्चालन गरियो जस अन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्र 'क' र 'ख' को रुपमा शिक्षकहरुलाई विभिन्न मोडलहरुको तालिम दिदै आएको छ । शिक्षा मन्त्रालयले शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि गरी शिक्षण सिकाइ सफल बनाउन सन् २००२ सम्म सम्पूर्ण शिक्षकहरुलाई प्रथम २.५ महिने तालिम प्रदान गरिसक्ने र सन् २००९ सम्म सम्पूर्ण प्राथमिक शिक्षकहरुले चार वटै चरणको (१० महिने) तालिम दिईसक्ने नीति निर्धारण गरियो । शिक्षक शिक्षण आयोजना (२००९) र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००९) अन्तर्गत देशभरी विस्तारित रुपमा तालिम सञ्चालन सञ्जाल गर्न स्थापना गरी तालिम अप्राप्त सम्पूर्ण शिक्षकहरुको गर्ने राष्ट्रिय अभियानको परिणाम स्वरुप आश्विन २०६६ भित्र स्वीकृत दरबन्दीमा कार्यरत सबै सेवाकालिन शिक्षकहरु (९८.२%) लाई १० महिने पेशागत योग्यता हासिल गराइयो (शै.ज.वि.के, २०६७) ।

नेपालमा शिक्षा विकासको क्रममा महत्वपूर्ण भूमिका निभाउने योजनामध्ये राष्ट्रिय शिक्षा पद्धतिको योजना पनि एक हो । २०११ र २०१८ का प्रतिवेदनले शिक्षालाई एउटा दिशा निर्देश गर्न महत्वपूर्ण भूमिका खेले पनि देशको शिक्षालाई महत्वपूर्ण योगदान दिन भने सकेको पाइँदैन । विभिन्न आयोग, समिति, परिषद, टोली आदिका सुझाव तथा योजनाहरुलाई समेटेर देशमा एउटा संगठित योजनाका रुपमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ आएको र यसको कार्यान्वयन समेत भएकाले नेपालको शिक्षा विकासको इतिहासमा यसको आफ्नै महत्व रहेको छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ का विशेषताहरु राष्ट्रिय शिक्षा प्रणालीको स्थापना, व्यावसायिक शिक्षा र दक्ष जनशक्तिमा जोड , शिक्षाको गुणात्मक र स्तरयुक्त विकासमा जोड , शैक्षिक अवसर तथा सुविधाहरुको सन्तुलित तथा न्यायोचित वितरण , शिक्षा

प्रशासन र निरीक्षण प्रणालीमा सुधार , शिक्षक तालिम र शिक्षण पेसामा सुधारलाई समेत समेटिएको छ ।

नेपालमा अवस्थित विभिन्न विश्वविद्यालयहरुले शिक्षा शास्त्र संकाय अन्तर्गत आई.एड., वि.एड. तथा एम. एड. तहलाई प्राथमिकता दिई शिक्षक बन्नका लागि आवश्यक योग्यता प्रदान गर्दै आएको छ । विश्व विद्यालय मार्फत शिक्षा संकाय अन्तर्गत हासिल गरिएको योग्यताले अध्यापन अनुमतिपत्र हासिल गर्नमा समेत सहयोग प्रदान गरेको छ। प्राथमिक तहको अध्यापन अनुमतिपत्र लिन माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा चार सय पूर्णाङ्कको शिक्षा बिषय लिई सो परीक्षा उत्तीर्ण गरेको, निम्न माध्यमिक तहको लागि शिक्षा बिषयलिई प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको, माध्यमिक तहको लागि सम्बन्धित बिषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा बिषयमा कम्तीमा दश महिने तालिम लिएको हुनुपर्ने छ ।

नेपालको शिक्षा नीति अनुरुप तालिमलाई बढुवा सम्बन्धी व्यवस्थामा समेत सामेल गरिएको छ । प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीको रिक्त पदहरु मध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गरिने क्रममा तालिम वापत बढीमा १५ अङ्क प्रदान गरिने छ । यसै सन्र्दभमा शिक्षा क्षेत्रको विकास र व्यवस्थापन अभियानलाई नतिजामूलक तुल्याउन सर्वपक्षीय र दीर्घकालिन सुधारको अवधारणा नीति र कार्यक्रम स्वरुप विद्यालय क्षेत्र सुधार कार्यक्रम आर्थिक वर्ष २०६६ देखि सुरु भई कार्यन्वयनमा रहेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमद्वारा निर्दिष्ट नीति एवम् कार्यक्रमको खाका बमोजिम शिक्षकहरुलाई आफ्नो कार्य सम्पादनमा सदा दक्ष, प्रतिबद्ध र जवाफदेही तुल्याउन समय-समयमा समाधानमुखी, विविधतायुक्त पेशाागत विकास गतिविधिमा निरन्तर सरिक गराउने उद्देश्य राखी शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालनमा ल्याइएको छ । यसमा प्रत्येक शिक्षकले पाँच वर्ष भित्र पटक पटक गरी जम्मा ३० दिने पेशागत विकास तालिम मोड्युलमा पहुँच पाउने गरी कार्यक्रम डिजाइन गरिएको छ । ( शै.ज.वि.के., २०६७ )

गुस्की (1979) को अनुसार वृहत अर्थमा शिक्षकको पेशागत विकास भन्नाले व्यक्तिको पेशागत भूमीकामा अभिवृद्वी गर्नु हो, पेशागत विकास भनेको त्यस्तो पेशागत बढोत्तरी हो, जुन अनुभवहरुको सङ्गठित परिणाम हो जुन निर्माणवादमा आधारित हुन्छ । शैक्षिक विकास

प्रयोजनका लागि विगतका बहुआयामिक प्रयासको परिणाम स्वरुप हालसालै मात्र शिक्षण सेवामा कार्यरत सबै शिक्षकहरुलाई प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त तुल्याइ सकिएको र त्यस्तै योग्य एवम् शिक्षण अनुमति पत्र प्राप्त व्यक्ति मात्र शिक्षण पेशामा प्रवेश पाउन सक्ने व्यवस्था सुनिश्चित गरिएको छ । यसै परिवेशमा यस्ता शिक्षकहरुलाई निरन्तर रुपमा पेशागत दक्षता नवीकरण गर्न नियमित ढङ्गले शिक्षक कार्य सम्पादन क्षमता सुधार गर्न तथा दैनिक अनुभवबाट सिकेका ज्ञानका आधारमा समग्र पेशागत उत्कृष्टतातर्फ डोऱ्याउने 'रोडम्याप' स्वरुप नै यो शिक्षक पेशागत विकास कार्यक्रमको तय गरिएको हो (शै.ज.वि.के., २०६९) ।

यसका लागि विद्यालयमा आधारित शिक्षक पेशागत विकास गतिविधि सञ्चालन गरी व्यवहारिक समस्या र पेसागत मूल्य मान्यतासँग आम शिक्षकहरुको सोझो सम्बन्ध स्थापित गर्ने यसप्रकारको तालिमले सहयोग पुऱ्याउँछ । त्यसैले विगतको तालिम कार्य सम्पादन कार्यक्रमलाई नजिकबाट नियाल्दा विद्यालयमा कार्यन्वयनको अवस्था प्रभावकारी रुपमा पाईएको छैन । तसर्थ, सेवाकालिन पेशागत विकास भन्दा शिक्षकको पेशागत योग्यता पूरा गर्ने योग्यतामूखी तालिम (१० महिने) कार्यान्वयन गर्नमा मात्र सम्पूर्ण स्रोत एवम् प्रयासहरु केन्द्रित रह्यो । यस अर्थमा शिक्षक तालिम प्रभावकारीता अध्ययन, शिक्षक तालिम सम्बन्धि प्रभावकारीता अध्ययन लगायतका अनुसन्धानहरु मार्फत सरकारद्वारा पेशागत योग्यता प्राप्त शिक्षक बढोत्तरी मात्र द्रुत गतिमा बढाउन सफल भयो । तर कक्षा कोठामा यस तालिमको प्रयोग ५०% भन्दा कम पाईयो । त्यसैले शिक्षकको शिक्षण पेशासँग सम्बन्धित समस्यामुखी, विविधतायुक्त, स्थानिय एवं शिक्षकको पेशागत आवश्यकता मागमा आधारीत तालिम भएकाले नै यस प्रकारको शिक्षकको पेशागत विकास तालिम विगत २०६६/०६७ देखि सञ्चालन हुँदै आईरहेको छ । (शै.ज.वि.ता.के.,२०६७)

हतियारलाई समय-समयमा साँध लाउने परम्पराले नै शिक्षक तालिमको औचित्यलाई सङ्केत गर्छ । विगत समयमा भएका विभिन्न शैक्षिक प्रयासहरुको फलस्वरुप शिक्षा क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल हुनसकेको देखिन्छ । पठित, शिक्षित सबै व्यक्ति शिक्षक हुनसक्तैन । शिक्षक हुन त्याग, समपर्ण र समाजसेवी भावना हुनुपर्दछ । भनाई नै छ गुरुले जस्तो पढाउँछ, चेलाले त्यस्तै सिक्दछ । यसैले शिक्षक नै गुणस्तरीय शिक्षामा प्रत्यक्ष प्रभाव पार्ने प्रमुख पक्ष हो । पाठ्यक्रमद्वारा निर्धारित सिकाइ उपलब्धि हासिल गर्नु एवम् दिगो सिकाइका लागि हर्दम तयार

रहनु शिक्षकको पेशागत कार्य हो । शिक्षकको पेशागत कार्यमा तेर्सिएका बाधा एवम् चुनौतिहरुलाई उचित समयमै पहिचान गरी तत् स्थान निराकरण गर्नु नै शिक्षकको पेशागत विकासका लागि नीतिगत एवम् योजनागत व्यवस्था अनुरुप सामुदायिक विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरुले सेवाकालिन रुपमा सञ्चालन हुने एक महिना अवधिको पेशागत विकास गतिविधिमा पहुँच हासिल गर्न पाउने बिषय कार्यान्वयनको दृष्टिले अझै पनि कम चुनौतिपूर्ण छ भन्न सकिन्न ।

त्यसैले विद्यालयहरुमा उक्त तालिम कार्यक्रमको कार्यान्वयनको अवस्था कस्तो रहेको छ भनी यो अध्ययन अनुसन्धानलाई अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

शैक्षिक गुणस्तर माथि उठाउन शिक्षक तालिमको भूमिका महत्वपूर्ण हुन्छ । सेवा प्रवेश गर्नु अगाडि दिइने तालिमलाई पूर्व सेवाकालिन तालिम र सेवा अवधिमा दिइने तालिमलाई सेवाकालिन तालिम भन्ने गरिन्छ । तालिम दिनको लागि विश्वविद्यालय अन्तर्गत शिक्षा सङ्काय, निजीक्षेत्र र सरकारी क्षेत्रबाट समेत तालिम केन्द्रहरु सञ्चालित हुन्छन् । शिक्षक तालिम, शिक्षक प्रशिक्षण, शिक्षक शिक्षा, शिक्षक पेशागत विकास आदि नामाङ्कन जे राखिएता पनि शिक्षकमा पठ्न-पाठ्न प्रविधिमा सक्षमता, सीप तथा ज्ञान अभिवृद्धि गर्नु नै यसको मुख्य उद्देश्य रहेको हुन्छ । प्रभावकारी शिक्षणको लागि तालिम जति आवश्यक छ त्यति नै शिक्षकको शिक्षण पेशाप्रतिको सकारात्मक मनोवृत्ति आवश्यक हुन्छ ।

नेपालमा अधिकांश शिक्षकहरु तालिम प्राप्त रहेर पनि शिक्षण गर्ने क्रममा पुरानो शिक्षण विधि, क्रियाकलाप, शैक्षणिक प्रक्रिया, पुरानै मूल्याङ्कन पद्धती छाड्न सकेका छैनन् । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धीहरुबाटै विद्यार्थीहरुमा ज्ञान, सीप उजागर गरिदिनु एक तालिम प्राप्त शिक्षकको कर्तव्य हुन जान्छ । गुणात्मक शिक्षा दिनका लागि गुणात्मक साधन, स्रोत र दक्ष अनुभवी जनशक्ति आवश्यक पर्दछ त्यसैले सम्पूर्ण शिक्षकहरु योग्य छन् त ? विद्यालयमा गुणात्मक शिक्षाको लागि दक्ष, योग्य एवं पेशाप्रति इमान्दार, निष्ठावान, कर्तव्यनिष्ठ, वालमनोविज्ञान बुझ्ने, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, वालमैत्री वातावरणमा सिकारुको अनुभवलाई महत्व दिएर

अन्तरक्रिया गर्ने, छलफल, अनुभवलाई ज्ञान निर्माणमा केन्द्रित गराई सिकाइ सिर्जना लागु गरिएका छन् कि छैनन् भन्ने समस्यालाई केन्द्रविन्दु मानेर यो अनुसन्धान गरिएको छ ।

सामुदायिक विद्यालयको प्राथमिक तहका विद्यार्थी शिक्षक अनुपात ५४.७ छ । शिक्षण सिकाइ गुणस्तरीय हुन नसकेको कुरा आधारभूत प्राथमिक शिक्षा परियोजना मध्यावधि मूल्याङ्कन २०५३ देखि हालसम्म देखिदै आएको छ । यसो हुनुको प्रमूख कारणहरु विद्यालयमा पर्याप्त मात्रामा शिक्षक दरबन्दी नहुनु, तालिम प्राप्त शिक्षकहरुबाट पनि आफ्नो दक्षता, सीप, ज्ञानको उचित प्रयोग विद्यालयमा देखाउन नसक्नु, पुरानै शिक्षण विधि, पुरानै शैक्षणिक क्रियाकलापमा आधारित शिक्षा प्रदान, शिक्षकहरुमा राजनैतिक प्रभाव, विभिन्न नारावाजी, चर्का स्वरहरु, बन्द-हडतालको प्रभाव, पेशागत दक्षता र इमान्दारीताको खाँचो तालिम कार्यान्वयनको समस्याको रुपमा देखापरेका छन् । विद्यालयको शैक्षिक गुणस्तर विद्यार्थीको शैक्षिक उपलब्धी दर, तालिमको प्रभावकारी कार्यान्वयन हुन नसक्ने निम्न कारणहरु समस्याको रुपमा केलाउँदा विद्यालय तहको शिक्षा व्यवहारिक हुनु भन्दा सैद्धान्तिक रुपमा अल्झिएको, शिक्षक तालिम गोष्ठि, सेमिनार र फगत तालिममा मात्रै सीमित रहेको, सम्बन्धित माथिल्लो अनुगमन गर्ने निकायबाट नियमित अनुगमन अधावधिक नभएको र शिक्षक स्वंयले तालिमको सीप, ज्ञान र नयाँ कुरालाई आत्मासात गर्न नसकेको जस्ता समस्याहरु साथै शिक्षक तालिम कार्यान्वयन पक्ष फितलो भएर कार्यक्रम प्रभावकारी बन्नमा कठिनाई उत्पन्न रहेको इत्यादि कारणहरु नै तालिमको कार्यान्वयनको प्रमूख समस्याको रुपमा देखा परेका छन् ।

के तालिम प्राप्त शिक्षकले तालिमबाट प्राप्त गरेका सीपहरुलाई वास्तविक कक्षा शिक्षणमा प्रयोग गरेका छन् त ? के तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकद्वारा अध्यापन गराइएका विद्यार्थीको उपलब्धीस्तर फरक छ ? शिक्षकले TPD तालिमबाट प्राप्त बालमैत्री शिक्षण सिकाइ, जीवनोपयोगी सीप, पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग ज्ञान, सिकाइमा मानव मुल्य अनुसारको शिक्षा ज्ञान आफ्नो शिक्षण सिकाइमा प्रयोग गरेका छन त ? यस्ता ज्ञान तथा सीपहरुको कक्षामा प्रयोग गर्दा कुन कुन तत्वहरुले असर पारेको छ ? TPD तालिमको कार्यान्वयनको अवस्था कस्तो छ ? भनि यसै शोधपत्र मार्फत समस्याहरुको अध्ययन अनुसन्धान गरि पहिचान गरिने छ तथापि तालिमको कार्यान्वयन पक्ष अत्यन्त फितलो हुदाँ कार्यक्रमले प्रभावकारी सेवा सफलतापूर्वक देखाउन नसेकता पनि पाठ्यक्रमले निर्धारण गरेका

सिकाइ उपलब्धी हासिल गराउन र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक योग्यता र पेशागत दक्षता विकास तालिम प्राप्त शिक्षककहरुकै निर्णायक भूमिका रहने कुरामा दुई मत नभएको हुनाले तालिम कार्यान्वयनको पक्षमा जोड दिन यो अध्ययन केन्द्रित रहेको थियो ।

## १.३ अध्ययनको औचित्य

तालिम एउटा मार्गदर्शन हो, जसले आवश्यक तथा व्यवहारिक ज्ञान, सीप र क्षमता प्रदान गर्दछ । शिक्षण सिकाइको प्रमुख आधार शिक्षक भएकोले शिक्षकमा आवश्यक पेशागत ज्ञान, सीप र दक्षताको विकास तालिमले गर्दछ । शिक्षकको ज्ञान, सीप र योग्यताबाट नै शिक्षण सरल तवरबाट हुने भएकाले शिक्षक तालिम प्राप्त भएमा शिक्षण सिकाइ प्रभावकारी एवम् उपलब्धिमूलक हुने गर्दछ ।

त्यसै परिप्रेक्षमा प्रस्तुत अध्ययन अनुसन्धान मार्फत टि.पि.डि. डिजाइन र कार्यान्वयनको अवस्थाबाट सरकार, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदि जस्ता फरक फरक रुची समूहका सरोकारवालाहरुमा विविधता युक्त आवश्यकतालाई यो अध्ययनले सन्तुष्ट तुल्याउन उपयोगी हुने छ । सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकको कार्यक्षमतामा देखिएका समस्याहरु समाधानमा सहयोग पुग्ने साथै शिक्षकको व्यवसायिक जवाफदेहितामा बढोत्तरी गर्न यस अध्ययनले मद्धत पुग्नेछ । यसै गरी सिकारुको सर्वोच्चता सुनिश्चितीकरण गर्न मद्धत पुग्नेछ । यस अध्ययन अनुसन्धानबाट विद्यालय र अगुवा स्रोत केन्द्र, स्रोत केन्द्र, शैक्षिक तालिम केन्द्र बीच सम्बन्ध स्थापना हुन सजिलो हुनेछ । जस अनुसार लक्षित समूह केन्द्रित कुशलतायुक्त लगानी व्यवस्था गर्न पनि तालिम प्रदायक संस्थाहरुलाई सहयोग पुग्नेछ । यसै गरी सम्बन्धित क्षेत्रमा थप अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई पनि आगामी दिनहरुमा सहयोग पुग्नेछ । यस क्षेत्रका नीति निर्मातालाई सहयोग पुग्नुका साथै यस टि.पि.डी.तालिम सम्बन्धि भविष्यका अध्येतालाई समेत आधार प्रदान गर्नेछ ।

यसर्थ यो तालिमको अनुसन्धान विद्यालयको शिक्षण सिकाइमा पारेको प्रभाव बारे अध्ययन अनुसन्धान भएकोले सम्पूर्ण सरोकारवालाहरुलाई महत्वपूर्ण सहयोगी खुराक पुग्ने भएकोले पनि नयाँ विषयवस्तुको छनौट गरी अध्ययन अनुसन्धान कार्य थालिएको हो । यसका

साथै तालिम प्राप्त शिक्षकले अध्यापन गरेको विद्यार्थीहरुको शैक्षिक उपलब्धी, तालिम पूर्व र तालिम पश्चातको शिक्षण सिकाइमा अन्तर, तालिम प्राप्त नभएका विद्यालयमा शिक्षण व्यवहारमा देखा पर्ने भिन्नता, कक्षा व्यवस्थापन र मूल्याङ्कनका तौरतरिकाहरुमा के कस्ता भिन्नताहरु छन् ? तालिमबाट प्राप्त ज्ञान र सीपलाई यथोचित मात्रामा कक्षाकोठामा कार्यान्वयनको अवस्था र प्रभाव पार्ने तत्वहरुको पहिचान गरी सुधारका लागि उपायहरु पहिल्याउन पनि यो शोधकार्यले महत्वपूर्ण भूमिका खेल्ने छ ।

## १.४ अध्ययनको उद्देश्य

तालिमबाट प्राप्त ज्ञान, सीप र क्षमतालाई वास्तविक कक्षाकोठामा लागू भएको छ कि छैन या नभए के ले प्रभाव पारेको छ भन्ने अभिप्रायले निर्माांण गरिएको यस अध्ययन अनुसन्धानका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१) शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा प्रयोगको अवस्था पत्ता लगाउन ।

२) शिक्षकको पेशागत विकास कार्यक्रमले पेशागत दक्षतामा पारेको प्रभावको विश्लेषण गर्न ।

३) शिक्षकको पेशागत विकास तालिम कार्यक्रमको समस्याहरु पहिचान गरि सुझाउन ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

शोधकर्ताले उल्लेख गरेका सबै प्रश्नहरुलाई अनुसन्धानात्मक प्रश्नहरुको कसीमा राखी अध्ययन विश्लेषण गरिएको छ । शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा कार्यान्वयनको वर्तमान अवस्था कस्तो छ ? यस पेशागत विकास तालिम लिनु पूर्व र तालिम लिई सकेपछिको शिक्षण सिकाइ क्रियाकलापमा के कस्ता फरक देखा परेका छन् ? शिक्षकको पेशागत विकास तालिम अन्तर्गत प्राप्त नयाँ सीपहरुको कक्षा कोठामा सही रुपमा प्रयोग गरिएको छ त ?

यस्ता विभिन्न प्रकारका प्रश्नहरु यस अध्ययन अनुसन्धानका क्रममा देखा परेका छन् । यिनै प्रश्नहरुको अध्ययन विश्लेषण गर्न स्रोतकेन्द्र भित्रका सुविधाको हिसाबले नजिकैको नमूना छनौटमा परेका विद्यालयहरुमा प्रत्यक्ष गएर सम्बन्धित सरोकारवालाहरुसंग छलफल गरी

शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरेको छु ।

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन अनुसन्धानको क्रममा अनुसन्धानकर्ताको निश्चित समय सीमा, जनसंख्याको वितरण, अध्ययनको साधन र स्रोत साथै आफ्नो सहजतालाई मध्यनजर गरी झापा जिल्लाको सदरमुकाममा अवस्थित चन्द्रगढी स्रोत केन्द्र अन्तर्गतका एक नगर पालिका र दुई गाउँ विकास समितिमा रहेका सामुदायिक विद्यालयहरु मध्ये नगर पालिका र गाउँ विकास समितिबाट दुई-दुई वटा सामुदायिक विद्यालयलाई नमूना छनौटको रुपमा लिइएको छ । ती नगर पालिका र गाउँ विकास समितिका प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयलाई नमूना छनौटमा संलग्न गरिएको छ । यस अध्ययन अनुसन्धानमा सम्बन्धित विद्यालयका टि.पी.डी. तालिम पहिलो र दोस्रो चरण प्राप्त शिक्षक, सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक समितिका अध्यक्ष, अभिभावक, विद्यार्थी, सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्ति तथा शैक्षिक तालिम केन्द्र भद्रपुरका तालिम संयोजकलाई अध्ययनको परिसीमामा राखिएको थियो ।

यस अध्ययनका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत २०६६ देखि २०६८ सम्म शिक्षकको पेशागत विकास तालिम लिएका शिक्षकहरुको विगत शैक्षिक सत्रका तथ्याङ्कहरु नै विश्लेषणका आधार बनाइएको छ । अध्ययन अनुसन्धानका क्रममा झापा जिल्ला शिक्षा कार्यालय, शैक्षिक जनशक्ति विकास तालिम केन्द्र भद्रपुर झापामा तालिम सम्बन्धमा पाइएका तथ्याङ्कहरु, सम्बन्धित स्रोत केन्द्र तथा विद्यालयका अभिलेखहरु र विद्यालय परिवारलाई नै यस अध्ययनको मूल आधार मानिएको थियो । यसरी यस अध्ययनलाई शिक्षकको पेशागत विकास तालिमको पहिलो र दोस्रो मोड्यूलको विद्यालयमा कार्यान्वयनको अवस्था तथा त्यसको प्रभावकारीता अध्ययनमा परिसीमित गरिएको थियो ।

जसमा छानिएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयका प्राथमिक तहमा अध्यापन गर्ने २/२ जना गरेर ६ वटा विद्यालयवाट लिइएका १२ जना शिक्षकहरुको शिक्षण

प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र तालिमको अवस्था सम्वन्धी समस्यामा केन्द्रीत भई तालिम कार्यान्वयनको प्रभावकारीता अध्ययनमा यो विश्लेषणलाई परिसीमाङ्कन गरिएको छ ।

## १.७ अध्ययनमा प्रयुक्त शब्दहरुको परिभाषा

विद्यालय क्षेत्र सुधार कार्यक्रम :- आर्थिक वर्ष २०६६/२०६७ देखि ७ वर्षसम्मको लागि शिक्षा क्षेत्रको अग्रगामी र संरचनागत सुधार गर्ने उद्देश्यले चालिएको शैक्षिक कार्यक्रम ।

स्रोतकेन्द्र :- निश्चित संख्यामा विद्यालयको एउटा समूह बनाई ती सबै विद्यालयको शैक्षिक कार्यक्रम (क्रियाकलाप) गर्ने उद्देश्यले जि.शि.का. र शै.ज.ता.के. सँग सम्बन्धित रहेर काम गर्ने केन्द्र (संस्था)

अगुवा स्रोत केन्द्र :- स्रोतकेन्द्रले मात्रै नसमेट्ने शैक्षिक तालिम केन्द्र नभएका जिल्लामा शैक्षिक कार्यक्रम चलाउने तालिम केन्द्र ।

रोष्टर प्रशिक्षक :- शिक्षकको पेशागत विकास तालिम चलाउने २०६६ देखि खटिएका जि.शि.का. मार्फत नियमानुसार योग्यता पुगेर छनौट भएका तालिम प्रशिक्षकहरु

सेवाकालिन तालिम :- सामूदायिक विद्यालयका कार्यरत स्वीकृत दरबन्दीमा भएका सबै शिक्षकहरुलाई शै.ज.वि.के., दूरशिक्षा कार्यक्रम, आ.प्रा.शि.परियोजनाबाट सञ्चालित गरिने तालिम ।

होल-स्कूल एप्रोच :- स्थानीय स्तरमा उपलब्ध स्रोतहरुको सदुपयोग गरी शैक्षिक सामग्री प्रयोग गर्न शिक्षक, अभिभावक तथा स्रोत व्यक्तिहरुको कार्यशाला

मोड्यूल :- तालिमको डिजाइन

प्याकेज :- प्रशिक्षार्थीको लागि निर्माण गरिएको स्वअध्ययन पुस्तिका ।

आ.प्र.शि.प. :- आधारभूत प्राथमिक शिक्षा परियोजना

शै.ज.वि.ता.के. :- शैक्षिक जनशक्ति विकास तालिम केन्द्र

SEDU :- Secondary Education Development Unit

TPD :- Teacher Professional Development

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस शोधपत्र तयार पार्ने क्रममा शिक्षकको पेशागत विकास कार्यक्रमको विद्यालयमा कार्यान्वयनको अवस्था अध्ययन गर्ने क्रममा अनुसन्धानकर्ताले आफ्नो अध्ययनको क्षेत्रमा पूर्ववत गरिएका अध्ययन अनुसन्धानका निष्कर्षहरु तथा संगठित रुपमा प्रकाशित गरिएका पुस्तक, पत्रपत्रिका, लेख, रचना , कृति तथा सोध पत्रहरु अध्ययन गर्ने र त्यसको सारांशलाई आफ्नो अध्ययनमा उल्लेख गर्ने गर्नाले आफ्नो अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमानसम्म पनि अज्ञात रहेका तथा परीक्षण नगरिएका प्रमाण वा ज्ञानहरुबारे जानकारी प्राप्त गर्न सक्छ । उक्त क्षेत्रमा खोज अनुसन्धान गर्नु नै अनुसन्धानको प्रमुख उद्देश्य रहने हुँदा आफ्नो अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन गरी तिनले निकालेको निष्कर्ष, सुझाव तथा रिक्तता पत्ता लगाई उक्त रित्तता पूरा गर्ने तर्फ अध्ययनलाई केन्द्रित गर्नु र पूर्व साहित्यको आधारमा आफ्नो अध्ययनको व्याख्या विश्लेषण गर्ने आधार प्राप्त गर्नु अध्ययनकर्ताका लागि अति आवश्यक हुनाले अध्ययनको यस बिषयमा अध्ययन गरिएको केही अध्ययन अनुसन्धानहरुको समीक्षा गरी त्यसबाट आवश्यक पृष्ठपोषण लिई यो अध्ययन तयार पारिएको छ ।

### २.१ सम्वन्धित अध्ययनको पुनरावलोकन

श्रेष्ठ (२०६२), का अनुसार नेपालको शैक्षिक कार्यक्रम यो दशकमा निकै चुनौतिको रुपमा अगाडि बढिरहेको छ । उनले शिक्षक तालिमको वर्तमान अवस्था विश्लेषण गर्दा नेपाल सरकारले १० महिने सेवाकालिन तालिम वा पूर्व सेवाकालिन तालिम प्राप्त गरी सम्बन्धीत तहको शिक्षण अनुमति प्राप्त गर्नु पर्ने उद्देश्य विद्यालयको शिक्षाको गुणस्तर बढाउनु हो भनि अर्थ्याएका छन् । तालिम प्राप्त शिक्षकले सिकेका सीपहरु कक्षा कोठामा लागु नगरेकोले शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बन्न नसकेको बताएका छन् । तसर्थ वर्तमान समयमा शिक्षक तालिम प्रभावकारी नहुनुको कारण छोटो अवधीको तालिमले शिक्षकको दक्षता अभिवृद्धि गर्न पर्याप्त नहुनु, हालसम्म सञ्चालित शिक्षक प्रशिक्षणको प्रभावकारीता बारे अनुगमन  नहुनु र पुनर्ताजगी तालिमको  व्यवस्था कमै मात्रामा सञ्चालन हुनुलाई उल्लेखगरिएका छन् ।

वाग्ले (२००१), का अनुसार शिक्षा मन्त्रालय अन्तर्गतकै शैक्षिक जनशक्ति विकास केन्द्र अर्न्तगत ९ वटा प्राथमिक तालिम केन्द्रहरु तथा दुरशिक्षा केन्द्रबाट गरी वर्षको करीव ६ करोड

रुपैयाँ प्रमाणिकरण तालिममा खर्च हुन्छ । शिक्षा विभागद्वारा प्रत्येक वर्ष आधारभूत तथा प्राथमिक शिक्षा अन्तर्गत सम्पूर्ण विद्यालयका प्रत्येक शिक्षकलाई १० (दश) दिने तात्कालिन तालिम दिइन्छ तर सम्पूर्ण शिक्षकहरुले कक्षा कोठामा शिक्षण सिकाइ प्रभावकारी रुपले गर्न सकेका छैनन् । शिक्षकहरु योग्यता प्राप्त भएतापनि कक्षा कोठामा पेशागत योग्यता छैन भने शिक्षाको स्तर सुध्रन सक्दैन भनेर प्रष्टयाएका छन् ।

खड्का (२०५६), का अनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकले पाठ्यपुस्तक तथा शैक्षणिक योजनाको सफल र प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम, विद्यार्थी र शिक्षक बीचको क्रिकोणात्मक सम्बन्ध कायम राख्न तालिमले नै सहयोग पुऱ्याउँदछ । यसर्थ शिक्षाको गुणस्तर विकासको लागि प्रत्येक शिक्षकमा विषयवस्तुको उच्च ज्ञान, शिक्षण कौशल, बाल मनोविज्ञानको ज्ञान, वर्तमान शिक्षा पद्धतिको ज्ञान, उत्तरदायित्वको बोध, शिक्षण विधि र शिक्षण सामग्रीको निमार्ण तथा प्रयोगको उचित ज्ञान तथा सीप प्राप्त गर्नको लागि शिक्षकलाई पेशागत ज्ञान र सीप हुन अपरीहार्य छ । तसर्थ पाठ्यक्रमका सिकाइ उपलब्धी हासिल गराउन, उपर्युक्त मुल्याङ्कन विधिको प्रयोग गर्न छोटो तथा लामो तालिमको व्यवस्था शिक्षा मन्त्रालयका विभिन्न कार्यक्रमहरु मार्फत हुदै आइरहेको छ ।

भण्डारी (२०६१), का अनुसार समुदायको आवश्यकता पूरा गर्न सबैका लागि गुणस्तरीय शिक्षा अपरिहार्य हुन्छ । गुणस्तरीय शिक्षा त्यतिवेला मात्र सम्भव हुन्छ जतिवेला शैक्षिक व्यवस्थापक, शिक्षक, अभिभावक र विद्यार्थीले आ-आफ्नो क्षेत्रबाट इमान्दारीसाथ आफ्नो-आफ्नो दायित्व निर्वाह गर्दछन् । तसर्थ तालिम प्राप्त शिक्षकबाट मात्र प्रभावकारी शिक्षण, समूदायसंगको सुमधुर सम्बन्धबाट नै पठनपाठन कार्यलाई मद्धत पुग्दछ यसका लागि पनि शिक्षकको पेशागत तालिम अनिवार्य शैक्षिक सर्तको रुपमा ठर्दछ ।

खत्री (२०६३), का अनुसार अध्ययन अनुसन्धानको शिलशिलामा सुर्खेत जिल्लाका प्राथमिक तहका शिक्षकको तालिमको अवस्था पहिचान गर्ने र तालिमले शिक्षण सिकाइमा पारेको प्रभाव अध्ययन शोधपत्रमा नमूना छनौटमा परेका विद्यालयको तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकहरुबाट भएको शिक्षण सिकाइ क्रियाकलापहरुबाट आएको परिणाम, विद्यार्थीको उपलब्धी परीक्षणका आधारमा तालिम प्राप्त शिक्षकहरुले तालिमबाट प्राप्त गरेको ज्ञान र सीपलाई शिक्षण सिकाइमा लागु नगरेको, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुको शिक्षण

सिकाइ क्रियाकलापमा न्यून भिन्नता देखिएता पनि शिक्षण व्यवहारमा खासै परिवर्तन नआएको, विद्यार्थीको शैक्षिक उपलब्धी स्तर पनि तालिम प्राप्त र अप्राप्त शिक्षकहरु बाट गरिएको परिणाममा उल्लेखनीय भिन्नता नपाइएको जस्ता परिणामहरु प्राप्त भएका छन् । त्यसैले विद्यार्थी संख्या, शिक्षक दरबन्दी, विद्यालयको संरचनाको आधारमा समय सापेक्ष पेशागत विकास पुनर्ताजगी तालिमको व्यवस्था वर्षेनी गरिनु पर्ने सुझाव राख्नु भएको छ ।

तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकको शिक्षण सिकाई बीच रहेको प्रभाव शीर्षकको शोधपत्रमा शिक्षकको तालिमको अवस्था पहिचान गर्ने र तालिमले शिक्षण सिकाईमा पारेको प्रभाव अध्ययन गर्ने उद्देश्य राखिएको छ । उक्त उद्देश्य प्राप्तीको लागि शोधपत्रमा व्याख्यात्मक तथा वर्णानात्मक विधि अपनाइएको पाइएको छ । उनको शोधपत्रमा तालिम प्राप्त शिक्षकले तालिमवाट प्राप्त सीपहरुलाई कति मात्रामा शिक्षण सिकाईमा प्रयोग गरेका छन ? तालिम प्राप्त भएका शिक्षक र तालिम अप्राप्त शिक्षकको शैक्षिक उपलब्धीहरुको बीच तुलनात्मक अध्ययन अनुसन्धानलाई प्रश्नहरुको कसीमा राखेर व्याख्या गरेको छ । उनको शोधपत्र समष्टिगत रुपमा अध्ययन गर्दा तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरु बीचको कक्षाकोठामा सीप प्रयोगको भिन्नताको अवस्था मात्र केलाइएको पाइएको हुनाले उही शिक्षकले तालिम लिनु पूर्वको शिक्षण सिकाई क्रियाकलापको अवस्था र तालिम लिई सकेपछिको क्रियाकलापको अवस्था, शैक्षिक उपलब्धी, मूल्याङ्कन प्रणाली ईत्यादि नकेलाईएको हुनाले यस अध्ययनमा उल्लेखित कमजोरीलाई समावेश गरी अध्ययन अनुसन्धान गरिने छ ।

अधिकारी (२०६७), का अनुसार शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारीता सम्बन्धी शोधपत्रमा शिक्षकको परम्परागत शैक्षणिक क्रियाकलाप पद्धतीलाई यस मागमा आधारित पेशागत विकास तालिमले धेरै नयाँ कुरा सिकाएता पनि कार्यान्वयनको पाटो धेरै फितलो भएको निचोड निकालेको छ । तालिममा सिकेका सीपहरु अपेक्षित रुपमा कक्षाकोठामा रुपान्तर हुन नसकेको कुरा त्यस अध्ययनको मूख्य विषयवस्तुमा झल्कन्छ । शिक्षाको पँहुच र गुणस्तरमा सुधार तथा शिक्षा प्रदान गर्ने सवालमा शिक्षकको व्यवस्थापन नेपालको समकालिन शैक्षिक व्यवस्थापनका चुनौतिहरु मध्ये सायद जटिल र चुनौतिपूर्ण मुद्धा बनेको वर्तमान परिवेशमा तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभव भएर मात्र पुग्दो रहेनछ, शिक्षकको कामगर्ने

शैली, आफ्नो सोच र वर्तमान आवश्यकता संगै रुपान्तरण गर्नु पर्ने टडकारो आवश्यकता पर्ने निचोड अधिकारीको शोधपत्रको मूल मर्म रहेको छ ।

शिक्षकहरुको पेशागत विकास कार्यक्रमको प्रभावकारीता शीर्षकको शोधपत्रमा शिक्षकको पेशागत विकास कार्यक्रमको कार्यान्वयनको अवस्था पहिचान गर्नु र शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनका समस्या पहिचान गर्नु भन्ने उद्देश्य राखिएको थियो । उक्त उद्देश्य प्राप्त गर्नका लागि शोधपत्रमा गुणात्मक तथा संख्यात्मक विधि अपनाइएको छ । शोधपत्रमा शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था कस्तो छ ? तथा शिक्षकको पेशागत विकास कार्यक्रमले उनीहरुको क्षमता विकासमा पारेका सकारात्मक कुराहरु के-के हुन् ? जस्ता प्रश्नहरुलाई अनुसन्धानको प्रश्नहरुको कसीमा राखेर व्याख्या गरिएको छ । एक शिक्षक तालिम लिए पूर्व र तालिम लिए पश्चातको अध्ययन कार्य नभएको हुनाले फरक-फरक शिक्षकको बीचमा तुलना गरेर सो कार्यलाई मध्येनजर गरी एउटै शिक्षकको तालिम लिनु पूर्व र तालिम लिए पश्चातको अवस्था यस अध्ययन अनुसन्धान कार्यमा समावेश गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययन अनुसन्धानमा उपलब्ध जानकारी तथा तथ्य तथ्याङ्कलाई विश्लेषण गर्न विविध वैचारिक खाकाको उपयोग गरिएको छ । आफ्नो विषयवस्तुसंग मेल खाने गरी निम्न चिन्तकहरुको विचारलाई सैद्धान्तिक खाकाको रुपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

खनाल र अन्य (२०६४), वाट उद्धित गरे अनुसार मास्लोको अभिप्रेरणाको सिद्धान्तमा मानिसहरु आवश्यकताको श्रृङखलाबाट अभिप्रेरित हुने कुरा उल्लेख गरेका छन् । जव कुनै व्यक्तिलाई कुनै कुराको आवश्यकता पर्दछ तव मात्र ऊ विभिन्न क्रियाकलाप गरी आफ्नो आवश्यकता पूरा गर्नतर्फ अग्रसर हुन्छ । सन्तुष्ट हुनका लागि मानिसले खोजिरहेका कुनै मनोवैज्ञानिक अभाव नै आवश्यकता नै मानिसलाई उत्प्रेरित गर्ने तत्व हो जुन एकपछि अर्को श्रृङखलाबद्ध रुपमा हुन्छ । उनले मानिसको आवश्यकतालाई चरणवद्ध रुपमा शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकताहरु आइरहन्छन् । जुन चरणवद्ध रुपमा पूर्ति गर्दै जानु पर्दछ । त्यसरीनै शिक्षकहरुका पनि शारीरिक आवश्यकता, पेशागत आवश्यकता, सामाजिक आवश्यकता इत्यादि छन् । जवसम्म पेशागत आवश्यकता पूरा हुँदैनन् तवसम्म शिक्षक पूर्ण सन्तुष्टी हुँदैनन् । शिक्षकका यिनै पेशागत

आवश्यकता पूरा गर्न र शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नमा यो पेशागत विकास तालिम सम्बन्धी अध्ययन अनुसन्धानात्मक शोधपत्रमा मास्लोको अभिप्रेरणा सिद्धान्तलाई आधार बनाई व्याख्या विश्लेषण गरिएको छ । (खनाल र अन्य २०६४)

थर्नडाइक (१९१३), ले उल्लेख गरे अनुसार मानिसको स्नायु तन्तुहरुले मानवीय व्यवहार निर्धारण गर्दछ । स्नायु मार्फत मष्तिष्कमा सन्देश (सूचना) दिएपछि स्थापना भएको सम्बन्धबाट सिकाइ हुन्छ भनी सिकाइलाई मनोवैज्ञानिक यान्त्रिक प्रक्रिया मानेका छन् । उनले उत्तेजना र प्रतिक्रिया बीच स्नायूको सम्बन्धमा आधारित सिकाइ सिद्धान्तलाई मूल सिकाइ सिद्धान्तमा वर्गीकृत गरेका छन् । उनका अनुसार धेरै समयसम्म प्रयत्न गर्दै जाँदा संवेगहरु बलिया भई असफल संवेगहरुलाई हटाउँछ भनेर समस्या बाकसको भोको विरालोलाई प्रयोग गरी जसरी प्रमाणित गरेर परिणाम निकालेका छन् त्यसरी नै कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियामा विविध गुण भएका विद्यार्थीहरुको संवेगलाई मध्यनजर राखेर सिकाइ प्रक्रिया निरन्तर, भूल, प्रयत्न र सिकाइ हुने क्रियामा यो पुर्नताजगी तालिमको परिणाम र यसको कक्षाकोठामा व्यवहारिक प्रयोग हुनेछ भनेर उनका सिद्धान्त अनुसन्धानको विषयवस्तुसंग आधारित छ भनी तालमेल मिलाई विश्लेषण गरिएको छ (शर्मा र अन्य, २०६५ कक्षाकोठामा मनोविज्ञान, पेज नं. ४२४ मा उद्धत) ।

भिगोत्सकी (१९३६), ले उल्लेख गरे अनुसार विसौ शताब्दीका बहुचर्चित सिकाइ तथा ज्ञान निमार्ण र संरचना सिद्धान्त निर्माणबादी सिकाइ अनुसार सिकाइ सामाजिक मनोविज्ञानको संज्ञान विकाससंग सम्बन्धित छ । निमार्णवादी सिकाइ सिद्धान्तको मुख्य अर्थ सिकारु आफैले व्यक्तिगत वा सामाजिक अन्तरक्रिया र सहमतिबाट हरेक धारणा वा सिद्धान्तको अर्थ निर्माण सिकाइ हो । अर्थको निर्माण गर्नु नै सिकाइ हुनु हो । यस सिकाइका मुख्य २ वटा निम्न मान्यताहरु छन् ।

क) सिकाइका लागि सिकारुलाई नै पहिलो प्राथमिकता दिने, सिक्ने विषयवस्तुलाई होइन । सिक्ने विषयवस्तु सिकारु आफैले निर्माण गर्ने भन्ने मान्यता यस सिकाइ क्रियाको मुख्य केन्द्र विन्दु हो ।

ख) सिकारुको अनुभव भन्दा अलग्गै कुनै ज्ञानको अस्तित्व हुन सक्दैन ।

यसरी तालिमले पनि सिकाईका लागि सिकारुलाई नै परिष्कृत गर्ने काम गर्दछ । सिकाई हस्तान्तरण गर्नु नै तालिमवाट प्राप्त ज्ञान र सीपको व्यवहारीक प्रयोग हो । त्यसैले सिद्धान्तले तालिमवाट सिकेका कुराहरु विद्यालयमा लगेर विद्यार्थीहरु ( सिकारु ) मा कार्यान्वयन गराउन मद्दत गर्दछ जसमा सिकारुको अनुभवलाई सम्बन्धीत विषयवस्तुसँग तालमेल गराई प्रयोग गरिएको हुन्छ भनी यस अध्ययन अनुसन्धानमा विश्लेषण गरिएको छ । ( भट्टराई र अन्य २०६४ )

## २.३ शैक्षिक उपादेयता

यस शोधपत्र तयार पार्ने क्रममा माथि उल्लेखित विभिन्न मनोवैज्ञानिक, सिद्धान्तकार, विषय विशेषज्ञ तथा अग्रज शोधकर्ताहरुको साहित्य, सिद्धान्त तथा प्रकाशित/अप्रकाशित शोधपत्रहरुको अध्ययनबाट अध्ययनकर्तालाई धेरै ठूलो मद्दत पुगेको छ । यो तालिम संग सम्बन्धित तालिमबाट शिक्षक, विद्यार्थी तथा शैक्षणिक प्रक्रियामा भएको व्यापक परिवर्तनको अध्ययन विश्लेषण गर्नु पर्ने भएकाले विभिन्न प्रतिपादित सिद्धान्तको खोज गरी अध्ययनको विषयवस्तुमा तालमेल मिलाउन का साथै ढाँचा तयार गर्न ठूलो सहयोग पुगेको छ । यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकन खोजले शोधकर्तालाई विविध तालिम सम्वन्धि जानकारीहरु र धेरै विद्वानहरु द्वारा लिखित लेख, रचना, पुस्तक, अध्ययन अनुसन्धान गर्नुपर्ने भएकोले विभिन्न प्रकारको खोजमूलक ज्ञान सीप र क्षमतामा वृद्धि हुने भएकाले भविष्यमा विद्यालयमा शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनको अवस्था अध्ययन गर्न थप उत्साहित तुल्याएको छ ।

# परिच्छेद तीन

## अनुसन्धान विधि

यस विषयमा अध्ययन अनुसन्धानका लागि निम्न अनुसारको ढाँचा, जनसङ्ख्या र नमूना, सूचनाका साधनहरु र प्रक्रियाहरु सञ्चालन गरी प्रयोगमा ल्याइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस शोधकार्यलाई पूरा गर्नका लागि अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ । कुनै अवस्था, प्रक्रिया, समस्या र घटनालाई समेट्नको लागि विवरणात्मक शैलीको गुणात्मक ढाँचा र आवश्यक तथ्याङ्क तथा सूचनाको लागि संख्यात्मक मूल्यमा आधारित परिमाणात्मक ढाँचा दुवै मिश्रित प्रयोग गरी अध्ययन अनुसन्धानलाई अगाडि बढाइएको छ ।

## ३.२ जनसङ्ख्या तथा नमूना

### ३.२.१ जनसंख्या

यस अध्ययनमा बाँधिएको परिसीमा भित्र आफ्नो सहजतालाई ध्यानमा राखि चन्द्रगढी स्रोतकेन्द्र अन्तर्गत माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालय बराबरी संख्यामा पर्ने गरी छ वटा सामुदायिक विद्यालयहरु त्यसै विद्यालय सँग सम्बन्धित प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु, टि.पी.डी. तालिम (दोस्रो चरण) प्राप्त छनौट गरिएका शिक्षकहरु, अभिभावकहरु, उत्कृष्ट विद्यार्थीहरु लगायत सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति र शैक्षिक तालिम केन्द्र भद्रपुरका तालिम संयोजक पदाधिकारीहरुलाई यस अध्ययन अनुसन्धानको जनसंख्याको रुपमा राखिएको छ ।

### ३.२.२ नमुना आकार

यस अध्ययन अनुसन्धानको लागि तोकिएको परिसिमानुसार झापा जिल्लाको चन्द्रगढी स्रोत केन्द्र अन्तर्गत सामूदायिक विद्यालयहरु मध्ये दुई वटा माध्यमिक विद्यालय, दुई वटा निम्न माध्यमिक र दुई वटा प्राथमिक विद्यालय पर्ने गरी सरल संभावनायुक्त नमूना छनौट विधिको माध्यमवाट छ वटा सामूदायिक विद्यालयहरुको छनौट गरिनेछ । नमूनाका आकारको रुपमा छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरु छ जना, विद्यालय व्यवस्थापन समितिका

अध्यक्षहरु छ जना, शिक्षक अभिभावक संघका अध्यक्षहरु छ जना, टि.पी.डी. तालिम (दोस्रो चरण) प्राप्त शिक्षकहरु मध्येवाट प्रत्येक विद्यालयवाट दुई जना पर्ने गरी जम्मा १२ जना, प्रत्येक विद्यालयको कक्षा ४ र ५ वाट प्रथम, द्वितीय, तृतीय भएका विद्यार्थीहरु पर्ने गरी जम्मा ३६ जना, प्रत्येक विद्यालयवाट एक महिला र एक पुरुष पर्ने गरी जम्मा १२ जना अभिभावकहरु, सम्बन्धित स्रोतकेन्द्रका स्रोत व्यक्ति तथा शैक्षिक तालिम केन्द्र भद्रपुरका संयोजकलाई उद्देश्यमूलक ढंगले संभावनायुक्त विधिवाट छनौट गरिएको छ ।

तालिका : १ अध्ययनमा संलग्न जनसंख्या

| क.सं. | विवरण | कूल जनसंख्या | छनौट गरिएका संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | स्रोत केन्द्र | १ | १ | १००% |
| २ | प्राथमिक विद्यालय | १२ | २ | १६.६७ % |
| ३ | निम्न माध्यमिक विद्यालय | ५ | २ | ४० % |
| ४ | माध्यमिक विद्यालय | ४ | २ | ५० % |
| ५ | तालिम प्राप्त शिक्षक | १०४ | १२ | १२.४८ % |
| ६ | प्रधानाध्यापक | २१ | ६ | २८.५७ % |
| ७ | विद्यार्थीहरु | ४०७ | ३६ | ८.८५ % |
| ८ | वि.व्य.स.का अध्यक्ष | २१ | ६ | २८.५७ % |
| ९ | पि.टि.ए.का अध्यक्ष | २१ | ६ | २८.५७ % |
| १० | स्रोत व्यक्ति | १ | १ | १००% |
| ११ | तालिम संयोजक | १ | १ | १००% |

श्रोत : चन्द्रगढी स्रोतकेन्द्र, २०६८, झापा

### ३.२.३ नमुना छनौट विधि

यस अध्ययन विश्लेषणको छनौटको क्रममा अध्ययनकर्ताको समय, स्रोत र साधनलाई मध्यनजर गरी सहजताको आधार अपनाइ सुविधाजनक नमूना छनौट विधि प्रयोग गरि ६ वटा विद्यालयहरु छनौट गरियो । यसै गरी छानिएका विद्यालयहरुका शिक्षकहरु मध्ये कोटा नमूना छनौट विधि अपनाई २ जना तालिम प्राप्त शिक्षक प्रत्येक विद्यालयबाट पर्ने गरी छनौट गरिएको

छ । यसै गरि प्रत्येक विद्यालयका गत बर्ष (२०६८) को नतिजा (परीक्षाफल) अभिलेख हेरी उद्देश्यमूलक नमूना छनौट (आफूखुशी छनौट) विधिको आधारमा कक्षा ४ र ५ का प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरु पर्ने गरी ३६ जना जना उत्कृष्ट विद्यार्थीहरु छनौट गरिएको छ । यसरी नमूना छनौटमा परेका सम्बन्धित विद्यालयका ६ जना प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका ६ जना अध्यक्षहरु, शिक्षक अभिभावक संघका ६ जना अध्यक्षहरु, प्रत्येक विद्यालयवाट एक महिला र एक पुरुष पर्ने गरी जम्मा १२ जना अभिभावक लगायत सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति तथा शैक्षिक तालिम केन्द्रका तालिम संयोजकलाई पनि समावेश गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

यस अध्ययन अनुसन्धानको शिलशिलामा छनौटमा परेका सामूदायिक विद्यालयहरुको तालिम प्राप्त शिक्षकहरुको पेशागत विकास तालिमले पारेको प्रभाव विश्लेषण गर्नको लागि सम्बन्धित सरोकारवालाहरुसँग निम्न लिखित अनुसन्धानका साधनहरु प्रयोग गरिएको छ ।

(क) प्रश्नावली

(ख) अन्तर्वार्ता

(ग) लक्षित समूह छलफल

(घ) दस्तावेज अध्ययन ( लिखित )

(ङ) अभिलेख अध्ययन (Opinionnaire)

माथि उल्लेखित साधनहरुको लागि तथ्याङ्कका प्राथमिक र द्वितीय दुवै उपयुक्त स्रोतहरु प्रयोग गरी वास्तविक विवरणहरु खोज गरी पत्ता लगाउन प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोतहरु

यस शोध अध्ययन अनुसन्धान कार्यलाई पूरा गर्ने क्रममा निम्नानुसारका स्रोतहरुवाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित अध्ययन क्षेत्रका सरोकारवाला उत्तरदातालाई अनुसन्धान कर्ताले प्रत्यक्ष भेटी, अर्न्तवार्ता, समूह छलफल तथा

प्रश्नोत्तर मार्फत साथै तालिम विशेषज्ञहरुको रुपमा स्रोतव्यक्ति र तालिम संयोजक सँग प्रत्यक्ष सर्म्पक गरेर तालिमका उपलब्धी सम्बन्धी धारणाहरु सङ्कलन गरी सूचनाहरु समावेश गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

यस अन्तर्गत सम्बन्धित विद्यालयका विद्यार्थी सम्बन्धी अभिलेख ( निरन्तर विद्यार्थी मूल्याङ्कन फायल ), मार्क लेजर, कार्यसञ्चयिका फायल तथा मूल्याङ्कन फारमहरु आदिवाट विद्यार्थीहरुको र तालिम प्राप्त शिक्षकहरुको तथ्याङ्क स्रोत केन्द्रको अभिलेखवाट सूचनाहरु सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस शोध अध्ययन कार्यलाई पूरा गर्ने क्रममा तथ्याङ्क सङ्कलन प्रक्रियाको रुपमा प्रत्यक्ष सूचनाको लागि अन्तर्वार्ता, प्रश्नोत्तर, लक्षित समूह विच छलफल र व्यक्तिगत पेशागत तालिमको उपलब्धी धारणाहरु स्वंय अध्ययनकर्ता उपस्थित भएर गरिएको छ भने अप्रत्यक्ष सूचनाको रुपमा द्वितीय साधनहरु विद्यालयको अभिलेखवाट र तालिम केन्द्रका विविध तथ्याङ्कहरुको अध्ययन आदिवाट सूचनाहरु सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषणको विधि

यस अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क अध्ययनकर्ता आफैले खुल्ला प्रश्नावली बनाई नमूनामा परेका विद्यालयका प्रधानाध्यापक, अध्यक्ष, शिक्षक, विद्यार्थी तथा अभिभावकहरु सँग राय सङ्कलन गरिएका प्रारम्भिक तथ्याङ्क तथा द्वितीय तथ्याङ्को सङ्कलनको रुपमा शैक्षिक तालिम केन्द्र भद्रपुर झापा र सम्बन्धित स्रोत केन्द्रमा उपलब्ध प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरु सङ्कलन गरी उपलब्ध तथ्याङ्को प्रस्तुतीकरण, विश्लेषण प्रक्रियामा तथ्याङ्कीय विधि अपनाई तालिकीकरण, ग्राफ चित्र, पाइचार्ट आदिमा देखाइ परिमाणात्मक र गुणात्मक किसिमले व्याख्या विश्लेषण गरिएको छ । व्याख्या विश्लेषण गर्दा सकेसम्म झापा जिल्लाको चन्द्रगढी स्रोतकेन्द्रको वस्तुस्थितिको यथार्थ धरातलमा अध्ययनलाई केन्द्रित गरिएको छ ।


# परिच्छेद चार

## परिणामको छलफल

### ४.१ शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनको अवस्था

झापा जिल्ला, चन्द्रगढी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा प्राथमिक तह मात्र सञ्चालित १२ वटा, प्राथमिक र निम्न माध्यमिक तह सञ्चालित ५ वटा र प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक तह सञ्चालित विद्यालयहरु ४ वटा गरी जम्मा २१ वटा छन् । स्रोत केन्द्र भरिका विद्यार्थी संख्या गणना गर्दा जम्मा ४८६० जना र स्रोत केन्द्र भरीका जम्मा शिक्षक संख्या १८२ जना रहेको छ ।

चित्र १ : शिक्षकहरुको पेशागत विकास तालिम सम्बन्धी वृत्तचित्र




स्रोत : शिक्षकको पेशागत विकास तालिम सम्वन्धी विवरण २०६७/०६८
शैक्षिक तालिम केन्द्र ‘ख’ भद्रपुर

झापा जिल्लाको चन्द्रगढी स्रोत केन्द्र अन्तर्गतका प्राथमिक तह शिक्षकहरु जम्मा १८२ जना मध्ये १०० जनाले पहिलो र दोस्रो चरणको १० दिने पेशागत विकास तालिम लिइसकेका छन् । अर्थात दोस्रो चरणको पेशागत विकास तालिम लिने शिक्षकको प्रतिशत ५५ छ भने तालिम नलिनेको प्रतिशत ४५ छ । यस विवरणलाई माथिको वृत्तचित्रमा देखाइएको छ ।

४.१.१ अध्ययन क्षेत्र भित्रका पेशागत विकास तालिम प्राप्त र अप्राप्त शिक्षकको विवरण

यस अध्ययन अनुसन्धान अर्न्तगत शिक्षकको पेशागत विकास तालिम दोस्रो चरणमा सम्पन्न भएकोले सो तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका : २ शिक्षकको विवरण


| क्र. सं. | विद्यालयको नाम | शिक्षक संख्या | | | दोस्रो चरणको टि.पी.डी. तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्राप्त | अप्राप्त | जम्मा |
| १ | श्री वीरेन्द्र न.उ.मा.वि. | ९ | २ | ११ | ६ | ५ | ११ |
| २ | श्री पशुपतीनाथ नि.मा.वि. | ९ | ७ | १६ | ९ | ७ | १६ |
| ३ | श्री शारदा नि.मा.वि. | ५ | २ | ७ | ४ | ३ | ७ |
| ४ | श्री गौतम बुद्ध प्रा.वि. | ११ | ३ | १४ | १० | ४ | १४ |
| ५ | श्री अरनिको मा.वि. | ३ | ४ | ७ | ४ | ३ | ७ |
| ६ | श्री महेशपुर प्रा.वि. | ३ | ६ | ९ | ६ | ३ | ९ |

स्रोत : टि.पी.डी. तालिम सम्बन्धी विवरण २०६८ , चन्द्रगढी स्रोत केन्द्र , झापा

शिक्षकहरुको पेशागत विकास तालिम सम्बन्धी तालिकामा नमूना छनौटमा परेका छ वटा सामूदायिक विद्यालयहरुमा अध्यापनरत शिक्षक शिक्षिकाहरुको संख्या पहिलो र दोस्रो चरणको १० दिने टि.पी.डी. तालिम प्राप्त र अप्राप्त शिक्षक शिक्षिकाहरुको संख्या तालिकामा उल्लेख गरिएको छ । माथिको तालिका अनुसार नमूना छनौटमा परेका छ वटा सामूदायिक विद्यालयहरुमा जम्मा ६४ जना शिक्षक शिक्षिकाहरु कार्यरत छन् जसमध्ये ३९ जना पहिलो र दोस्रो चरणको १० दिने टि.पी.डी. तालिम लिई सकेका छन् र २५ जना शिक्षक तालिम अप्राप्त रहेको देखिन्छ । यहाँ तालिम प्राप्तको प्रतिशत ६१ हुन्छ भने तालिम अप्राप्तको प्रतिशत ३९ हुन्छ । जुन समग्र स्रोत केन्द्रको टि.पी.डी. तालिमको अवस्थासँग तुलना गर्दा नमूना छनौटमा परेका विद्यालयहरुले स्रोत केन्द्रको वास्तविक प्रतिनिधित्व गरेको देखिन्छ ।

चित्र २ : छनौटमा परेको विद्यालयहरुमा कार्यरत रहेका शिक्षकहरुको वारग्राफ

यस अध्ययन अनुसन्धान अर्न्तगत छनौटमा परेका विद्यालयहरुको जम्मा शिक्षकहरुको संख्या तथ्याङ्कमा देखाइएको छ ।




तालिका : ३ शिक्षक पेशागत विकास तालिम प्रक्रियाको योजना

यसमा शिक्षकको पेशागत तालिम अर्न्तगत १० कार्यदिने मोड्युलको योजना देखाइएको छ ।

| कार्यक्रमको नाम | गर्नु पर्ने समयावधी | कार्यदिन | गर्नु पर्ने मुख्य क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|
| तालिम कार्यशाला | ५ दिन | ५ दिन | सहभागी र प्रशिक्षक बीच फेस टु फेस मोडलवाट तालिम सम्पन्न हुने | तालिम केन्द्रमा शिक्षक र प्रशिक्षकको अन्तरक्रिया हुन्छ । |
| स्वाध्ययन अभ्यास | २०-३० दिन | ३ दिन | परियोजना कार्य तथा शिक्षण सुधार योजना निर्माण र प्रतिवेदन तयारी | विद्यालयमा शिक्षक स्वयं सहभागी हुन्छन् । |
| शैक्षिक परामर्श | २ दिन | २ दिन | कक्षा अवलोकन शिक्षक प्र.अ. र वि.व्य.स. बैठक | प्रशिक्षक विद्यालय सम्म जान्छ । |

स्रोत : शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका , २०६८

### ४.१.२ शिक्षकको पेशागत विकास तालिमको अवस्था

समग्रमा जिल्ला शिक्षा कार्यालय झापाले चन्द्रगढी श्रोतकेन्द्रलाई विगत तीन शैक्षिक बर्षहरु २०६६, २०६७ र २०६८ मा छुट्याएको प्राथमिक शिक्षकहरुको टि.पी.डी. कोटाले १८२ जना शिक्षकमध्ये १०० जना शिक्षकलाई दोस्रो चरणको १० दिने टि.पी.डी. मोड्यूल पूरा गर्नमा सहयोग पुगेको छ । अव ८२ जना शिक्षकलाई दोस्रो चरणको १० दिने तालिम पूरा गराउन नै बाँकी छ । पाँच बर्षको अन्तरालमा केही नयाँ नियुक्ति भएर शिक्षक थपिने अवस्था पनि छँदैछ । जिल्ला शिक्षा कार्यालय, झापा तथा सम्बन्धित श्रोतकेन्द्रमा बुझ्दा शैक्षिक बर्ष २०६९ मा सञ्चालन हुने टि.पी.डी. तालिममा बाँकी सबैलाई दोस्रो चरणको टि.पी.डी. मोड्यूल पूरा गराई केही शिक्षकलाई तेस्रो चरणको कार्यक्रममा सहभागी गराउने लक्ष्य रहेको देखिन्छ । ( शै.ज.वि.ता.के.,भद्रपुर ख)

शिक्षकको पेशागत विकास तालिम लिने शिक्षकहरुलाई भराइएको अर्न्तवार्ता प्रश्नावलीका आधारमा भन्नु पर्दा अधिकांश शिक्षकहरुले तालिममा सिकेका ज्ञान तथा सीपलाई व्यवहारमा उतार्ने प्रयास गरेको देखिन्छ । तथापी टि.पी.डी. मोड्यूलमा रहेका शिक्षण सुधार योजना, परियोजना कार्य निर्माण तथा कार्यान्वयनमा चासो देखिएता पनि निर्माण र प्रयोगको सीप राम्ररी विकास हुन नसकेको पाइन्छ ।

प्रधानाध्यापकलाई भराइएको अन्तर्वार्ता प्रश्नावलीका आधारमा आधाजसो शिक्षकहरुले शिक्षण सुधार योजना र परियोजना कार्य निर्माण गरिएको छैन । निर्माण तथा प्रयोग नहुनको पछाडि राम्रो सीप विकास नभएको र केहीमा भने सकारात्मक सोचको अभाव रहेको भन्ने बुझिन्छ ।

विद्यालय निरीक्षकलाई भराइएको अन्तर्वार्ता प्रश्नावलीको आधारमा टि.पी.डी. तालिम लिनु अघि र पछिको शिक्षकको शैक्षणिक क्रियाकलापमा खासै अन्तर नदेखिएको, शिक्षण सुधार योजना निर्माण र कार्यान्वयनमा त्यति धेरै ध्यान नपुगेको र शैक्षिक परामर्श खण्डमा समेत शिक्षकले गर्नुपर्ने क्रियाकलाप र प्रस्तुति धेरै प्रभावकारी नभएको भन्ने देखिन्छ ।

### ४.१.३ शिक्षण सिकाई प्रक्रियाको अवस्था

यसमा छनौटमा परेका विद्यालयहरुको प्राथमिक तहमा शिक्षण गर्ने १२ जना शिक्षकहरुको टि.पी.डी. तालिम लिनु पूर्वको र तालिम लिए पश्चातको अवस्थामा शिक्षकहरुले

कक्षाकोठामा शिक्षण गर्दा अपनाउने शिक्षण पद्धति अध्ययन अनुसन्धान गर्दा निम्न अवस्थाहरु पाईएको छ ।

तालिका : ४ दैनिक पाठ योजना निर्माण र यसको कार्यान्वयन

| टि.पी.डी. तालिम लिनु पूर्व | | | | टि.पी.डी. तालिम लिनु पश्चात | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | दैनिक पाठ योजना | संख्या | प्रतिशत | क्र.सं. | दैनिक पाठ योजना | संख्या | प्रतिशत |
| १ | बनाउने | २ | १६.६७ | १ | बनाउने | ८ | ६६.६७ |
| २ | नबनाउने | १० | ८३.३३ | २ | नबनाउने | ४ | ३३.३३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

उपयुक्त तालिका अनुसार टि.पी.डी. तालिम प्राप्त १२ जना शिक्षक मध्ये ८ जना शिक्षकले मात्र दैनिक पाठ योजना तयार गर्ने गरेको देखियो जसको प्रतिशत ६६.६७ हुन्छ । त्यस्तै टि.पी.डी. तालिम प्राप्त अघि सोही १२ जना शिक्षक मध्ये २ जनाले मात्र दैनिक पाठयोजना तयार गर्ने गरेको पाइयो । जसको प्रतिशत १६.६७ हुन्छ । दुवै अवस्थाको अवलोकन गर्दा तालिम लिए पश्चातको शिक्षकले तालिम लिनु पूर्वको तुलनामा ५० प्रतिशत बढीले दैनिक पाठयोजना तयार गर्ने गरेको पाइयो ।

### ४.१.४ शैक्षिक सामग्रीको व्यवस्थापन तथा प्रयोगको अवस्था

यसरी अध्ययनको शिलशिलामा पेशागत विकास तालिमको कार्यान्वयन अवस्था अध्ययनमा तालिम प्राप्त शिक्षकहरुले तालिम लिनु पूर्व र तालिम लिए पश्चात कक्षा कोठामा तालिमको कार्यान्वयन गर्दा शैक्षिक सामग्रीको व्यवस्थापन र त्यसको उपर्युक्त प्रयोग यसरी गरेको देखिन्छ ।

तालिका : ५ शैक्षिक सामग्रीको व्यवस्थापन तथा प्रयोगको अवस्था

| टि.पी.डी. तालिम लिनु पूर्व | | | | टि.पी.डी तालिम लिनु पश्चात | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं | प्रयोगको अवस्था | शिक्षक संख्या | प्रतिशत | क्र. सं | प्रयोगको अवस्था | शिक्षक संख्या | प्रतिशत |
| १ | राम्रो प्रयोग | २ | १६.६७ | १ | राम्रो प्रयोग | ४ | ३३.३३ |
| २ | सामान्य प्रयोग | ४ | ३३.३३ | २ | सामान्य प्रयोग | ६ | ५० |
| ३ | प्रयोग नगरिएको | ६ | ५० | ३ | प्रयोग नगरिएको | २ | १६.६७ |

स्रोत : विद्यालय स्थलगत अध्ययन, २०६९

उपयुक्त तालिका अध्ययन गर्दा शैक्षिक सामग्रीको राम्रो व्यवस्थापन तथा प्रयोग गर्नेमा नमुना छनौटका १२ जना शिक्षकहरु मध्ये २ जना (१६.६७) ले तालिम लिनुपूर्व राम्रो प्रयोग गर्ने गरेको र तालिम लिए पश्चात संख्या बढेर ४ जना (३३.३३) ले राम्रो प्रयोग गर्ने गरेको पाइयो । त्यस्तै सामान्य प्रयोग गर्नेमा तालिम लिनुपूर्व ४ जना (३३.३३) वाट बढेर ६ जना (५०) प्रतिशत देखियो भने शैक्षिक सामग्री प्रयोग नै नगर्ने तालिम पूर्व ६ जना (५०) प्रतिशतवाट घटेर तालिम पश्चात २ जना (१६.६७) मात्र अझै पनि शैक्षिक सामग्री विना अध्यापन गर्ने गरेको साथै अव तेस्रो मोड्युलको पेशागत तालिम सम्ममा सुधार गर्ने भन्ने बिचार स्थलगत अध्ययनमा पाईएको छ ।

४.२ शिक्षकको पेशागत विकास कार्यक्रमले पेशागत दक्षतामा पारेको प्रभावको लेखाजोखा

अध्ययन अनुसन्धानको क्रममा यो पेशागत तालिमले शिक्षको पेशागत वृत्तिविकासमा कस्तो प्रभाव पारेको रहेको रहेछ भनि यहाँ लेखाजोखा गरिएको छ ।

४.२.१ शिक्षकको क्षमता अभिवृद्धिमा पारेको प्रभाव

यसमा शिक्षकले गर्ने विद्यार्थी मूल्याङ्कन तरिका, मूल्याङ्कन विधिहरु, शिक्षण विधिहरु, मूल्याङ्कन मापनका सूचकको नियमित प्रयोगको अवस्था इत्यादिमा परेको प्रभाववाट तालिमले क्षमता अभिवृद्धिको अध्ययन गरिएको छ ।

तालिका : ६ विद्यार्थी मूल्याङ्कन गर्ने तरिका

| टि.पी.डी तालिम पूर्व | | | | टि.पी.डी. तालिम पश्चात | | | |
|---|---|---|---|---|---|---|---|
| औपचारिक मूल्याङ्कन | | अनौपचारिक मूल्याङ्कन | | औपचारिक मूल्याङ्कन | | अनौपचारिक मूल्याङ्कन | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १२ | १०० | ३ | २५ | १२ | १०० | ९ | ७५ |

स्रोत : विद्यालय सर्वेक्षण, २०६९

यस तालिका अनुसार टि.पि.डी. तालिम लिनु भन्दा अगाडि शिक्षकहरु १०० प्रतिशत नै वा १२ जनाले नै औपचारिक मूल्याङ्कन मात्र गर्थे भने ति मध्ये ३ जना या २५ प्रतिशत मात्र शिक्षकहरु अरु अनौपचारिक मूल्याङ्कन गर्ने गरेको तथ्याङ्क भेटियो तर टि.पि.डी. दोस्रो फेज तालिम लिई सके पछि उनिहरुको अनौपचारिक मूल्याङ्कनमा धेरै वृद्धि भएको देखिन्छ ।

औपचारिक मूल्याङ्कन सबै शिक्षकहरुले प्रयोग गरेका छन् भने अनौपचारिक मूल्याङ्कनमा तालिमको प्रभावले गर्दा ९ जना वा ७५ प्रतिशत शिक्षकहरु जागरुक भएर विद्यार्थीको अनौपचारिक मूल्याङ्कन ( व्यवहार अवलोकन, परियोजना कार्य, हाजिरी, गृहकार्य ) जस्ता मूल्याङ्कनका आन्तरिक पक्ष बाट पनि विद्यार्थी मूल्याङ्कन गरिरहेको तथ्याङ्कवाट प्रष्ट देखिन्छ ।

तालिका : ७ विद्यार्थी मूल्याङ्कन विधिको कार्यान्वयन अवस्था

| क.सं. | मूल्याङ्कन विधि | टि.पि.डी. तालिम लिनु पूर्व | टि.पि.डी. तालिम लिनु पश्चात |
|---|---|---|---|
| १ | औपचारिक | | |
| | (क) लिखित | १२ | १२ |
| | (ख) मौखिक | १२ | १२ |
| २ | अनौपचारिक | | |
| | कक्षा कार्य | १२ | १२ |
| | गृहकार्य | १२ | १२ |
| | रुजुसूची | ३ | १० |
| | श्रेणी मापन | ३ | ९ |
| | कार्यसञ्चयिका फायल | - | १२ |
| | घटनावृत्त अभिलेख | - | ९ |
| | अवलोकन | ३ | १० |

स्रोत : विद्यालय सर्वेक्षण, २०६९

यस तालिका अनुसार टि.पि.डी. तालिम लिनुपूर्व र तालिम लिए पश्चात १२ जना शिक्षक सबैले औपचारिक मूल्याङ्कन विधिका रुपमा लिखित र मौखिक परीक्षालाई प्रयोगमा ल्याएको देखिन्छ । यसरी अनौपचारिक मूल्याङ्कन विधिको रुपमा कक्षा कार्य, गृहकार्य, रुजुसूची, श्रेणीमापन, कार्यसञ्चयिका फायल, संचित अभिलेख र अवलोकन विधिहरु मध्ये तालिम लिनुपूर्व कम्तिमा ३ जनाले र तालिम लिए पश्चात कम्तिमा ९ जनाले सो विधिहरु प्रयोगगरी विद्यार्थी मूल्याङ्कन अधावधिक राख्ने गरेको पाईएको छ ।

तालिका : ८ शिक्षकले प्रयोग गर्ने गरेको शिक्षण विधिको अवस्था

यसमा छनौटमा परेका विद्यालयका शिक्षकहरुले अध्यापन गर्दा प्रयोग गर्ने शिक्षणविधिहरुको तालिम लिनु पूर्व र तालिम लिनु पश्चात विद्यालयमा प्रयोगको संख्यालाई देखाइएको छ ।

| क्र. सं. | शिक्षण विधि | टि.पी.डी तालिम पूर्व | टि.पी.डी. तालिम पश्चात |
|---|---|---|---|
| | | संख्या | संख्या |
| १ | व्याख्यान विधि | १० जना | ३ जना |
| २ | छलफल विधि | ५ जना | ९ जना |
| ३ | प्रश्नोत्तर विधि | ६ जना | १२ जना |
| ४ | प्रदर्शन विधि | ४ जना | १० जना |
| ५ | खेल विधि | ३ जना | ७ जना |

स्रोत : विद्यालय सर्वेक्षण, २०६९

माथिको तालिकामा अध्ययन गर्दा छनौटमा परेका १२ जना शिक्षकहरुसँगको सम्पर्कवाट शिक्षण विधिवारे छलफल गर्दा तालिम लिनुपूर्व १० जना शिक्षकहरुले व्याख्यान विधि प्रयोग गर्ने गरेकोमा तालिम लिए पश्चात ३ जनाले मात्र अझै पनि केही व्याख्यान विधि नै प्रयोग गरिरहेको पाइयो त्यसै गरी छलफल विधि प्रयोग गर्नेमा तालिम पूर्व ५ जना र तालिम पश्चात १२ जना अर्थात शत प्रतिशत ले नै यो विधि प्रयोग गर्ने गरेको र खेल विधिको प्रयोग तालिम लिनुपूर्व ३ जनाले र तालिम लिए पश्चात ७ जनाले प्रयोग गर्न शुरुगरेको स्रोत प्रत्येक छनौटमा परेका विद्यालयका सम्वन्धित शिक्षकहरुवाट पाईएको छ ।

### ४.२.२ विद्यार्थी उपलब्धीको समष्टिगत विवरण

शिक्षक तालिमको प्रभावकारीता विद्यार्थीको सिकाई उपलब्धीमा देखिने गर्दछ । यस शोधकार्य अन्तर्गत शोधकर्ताले शैक्षिक सत्र २०६७ र २०६८ को नमूना छनोटमा परेका सबै विद्यालयहरुमा प्राथमिक तहको विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित अवस्था, उत्तीर्ण, उत्तारित आदि उपलब्धीलाई तालिकामा एकमुष्ठ रुपमा प्रस्तुत गरिएको छ ।

तालिका : ८ प्राथमिक तहको विद्यार्थी उपलब्धीको समष्टिगत विवरण

| शैक्षिक सत्र | कूल भर्ना | परीक्षामा सम्मिलित | परीक्षामा अनुपस्थित | सबै विषयमा उत्तीर्ण | एक विषयमा उत्तारित | दुई विषयमा उत्तारित |
|---|---|---|---|---|---|---|
| २०६७ | १३२० | ११८८ (९०%) | १३२ (१०%) | ५७३ (४८.२३%) | २२० (१८.५२%) | ३९५ (३३.२५%) |
| २०६८ | ११८३ | ११२९ ९५.४४%) | ५४ (४.५६ %) | ६०० (५३.१४%) | २२१ (१९.५७%) | ३०८ (२७.२८%) |

स्रोत : विद्यालय स्थलगत अध्ययन, २०६९

उपरोक्त तालिका अध्ययन गर्दा नमूना छनौटमा परेका ६ वटा विद्यालयको प्राथमिक तहको कूल भर्ना, अनुपस्थित र परीक्षामा सम्मिलित विद्यार्थीहरुको शैक्षिक सत्र २०६७ र २०६८ को विद्यार्थीको एकमुष्ठ उपलब्धी मूल्याङ्कन गर्दा सबै विद्यालयमा २०६७ मा भर्ना भएका विद्यार्थीहरु मध्ये ९०% ले परीक्षा दिएकोमा सबै विषयमा उत्तीर्ण हुने संख्या ५७३ जना 'क' श्रेणी, एक विषयमा उत्तारित हुने २२० जना 'ख' श्रेणी र दुई विषयमा उत्तारित हुने ३९५ जना 'ग' श्रेणी रहेको देखिन्छ । यसै गरि २०६८ को मूल्याङ्कन गर्दा कूल भर्ना संख्या ११८३ मध्ये ९५.४४% ले परीक्षा दिएकोमा सबै विषयमा उत्तीर्ण हुने ६०० जना 'क' श्रेणी एक विषय लागि उत्तारित हुने २२१ जना 'ख' श्रेणी र दुई विषय लागि उत्तारित हुने ३०८ जना 'ग' श्रेणी भएको देखिन्छ । यसरी कूल भर्ना दर २०६७ भन्दा २०६८ मा घटे पनि कूल उत्तीर्ण प्रतिशत बढेको देखिन्छ र विद्यार्थीको परीक्षामा अनुपस्थित दर घटेको देखिन्छ । नेपाल सरकारको उदार

कक्षोन्नती नीति अनुसार कोही पनि विद्यार्थी अनुत्तीर्ण नगराईएको देखिन्छ । यसरी टि.पी.डी. तालिम पश्चात विद्यार्थी उपलब्धी दरमा वृद्धि भएको देखिन्छ ।

### ४.२.३ तालिमको प्रभावकारी कार्यान्वयन

तालिमले शिक्षकमा भएको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक बनाई विद्यार्थीहरु सम्म सरल र प्रभावकारी ढंगले पस्कन आवश्यक पर्ने सीपको विकास गर्न मद्धत गर्दछ । यस उपखण्ड अन्तर्गत तालिमसँग सम्बन्धीत पक्षहरुको सन्दर्भमा तथ्याङ्कहरु निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिका : ९ शिक्षण सुधारका लागि योजना निर्माण

| तालिम | योजना निर्माण गर्ने | | योजना निर्माण नगर्ने | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| टि.पी.डी. तालिम लिनु पूर्व | २ | १६.६७ | १० | ८३.३३ |
| टि.पी.डी. तालिम लिनु पश्चात | ९ | ७५ | ३ | २५ |

स्रोत : विद्यालय सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार टि.पी.डी. तालिम लिनु पूर्व १६.६७ प्रतिशतले मात्र शिक्षण सुधार योजना निर्माण गरेको र ८३.३३ प्रतिशतले शिक्षण सुधार योजना निर्माण नगरेको पाइयो । टि.पि.डी. तालिम प्राप्त शिक्षकहरु मध्ये ७५ प्रतिशतले शिक्षण सुधार योजना निर्माण गरेको र २५ प्रतिशतले निर्माण नगरेको पाइयो । तालिम प्राप्त शिक्षकहरु मध्ये पनि २५ प्रतिशत शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण नगरीकन शिक्षण गरेकाले टि.पि.डी. तालिमको पूर्ण प्रभावकारिता देखिदैन ।

तालिका : १० परियोजना कार्य गर्ने शिक्षकको अवस्था

यस अध्ययन अनुसन्धान गर्दा तालिम लिने शिक्षकहरुले तालिमको कार्यशाला समयमा परियोजना कार्य गरे तथा नगरेको अवस्था तालिकामा देखाइएको छ ।

| क्र.सं. | निर्माणको अवस्था | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अतिउत्तम | - | - |
| २ | उत्तम | २ | १६.६७ |
| ३ | मध्यम | ६ | ५० |
| ४ | सामान्य | ४ | ३३.३३ |
| ५ | निम्न | - | - |
| जम्मा | | १२ | १०० |

स्रोत : चन्द्रगढी स्रोत केन्द्र, २०६९

उक्त तालिका अनुसार छनौटमा परेका १२ जना शिक्षकहरुको टि.पि.डी. तालिमको अवधिमा तयार पारिएको परियोजना कार्यहरुको स्थितिलाई मध्यनजर गर्दा १२ जना मध्ये २ जनाले उत्तम, ६ जनाले मध्यम र ४ जनाले तयार पारेको परियोजना कार्य सामान्य रहेको देखिन्छ । यसरी तालिमवाट प्राप्त ज्ञान र सीपलाई विद्यार्थीको आन्तरिक समस्या पहिचान गर्न, उनीहरुको समस्याको निदानात्मक समाधान गर्नको लागि सो परियोजना कार्य सबै शिक्षकहरुको लागि शैक्षणिक कार्यक्रमको अति आवश्यक कार्य रहेको देखिन्छ ।

तालिका : ११ पेशागत विकास तालिमको प्रभाव अध्ययन

यसमा तालिमवाट शिक्षणसिकाईमा परेको प्रभाव देखाइएको छ ।

| प्रभावहरु ⟶ | | वालमैत्री शिक्षण भएको | शैक्षिक सामग्री प्रयोग गर्ने संख्या | समयमा कोर्स सकिएको संख्या |
|---|---|---|---|---|
| नमूना छनौटमा परेका विद्यालयका ६जना प्र.अ.हरु मध्ये | संख्या | ५ | ४ | ३ |
| | प्रतिशत | ८३.३३% | ६६.६७ | ५० |
| नमूना छनौटमा परेका विद्यालयका ३६ जना विद्यार्थीहरु मध्ये | संख्या | २७ | ३० | १० |
| | प्रतिशत | ७५ | ८३.३३ | २७.७८ |
| श्रोत व्यक्ति | | भएको (मध्यम) | भएको (मध्यम) | भएको (सामान्य) |

स्रोत : विद्यालय सर्वेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन विश्लेषण गर्ने क्रममा टि.पि.डी. तालिमको सकरात्मक प्रभावकारिता विश्लेषण गर्न शोधकर्ता सम्बन्धित छनौटमा परेका विद्यालयमा जाँदा अध्ययनको लक्षित समूह सम्बन्धित शिक्षकहरुको पठन पाठन गतिविधि अन्तर्गत बालमैत्रि शिक्षण प्रक्रिया, शैक्षिक सामग्रीको प्रयोग सहित अध्यापन तरिका र योजना अनुसार नै शिक्षण तथा समयमा कोर्स समाप्ती सम्वन्धी प्रधानाध्यापकहरुलाई, विद्यार्थीहरुलाई, स्रोत व्यक्तिलाई प्रश्न गर्दा छनौटमा परेका प्रधानाध्यापकहरु छ जना मध्येवाट ५ जनाले आफ्नो-आफ्नो विद्यालयमा तालिम लिएका शिक्षकहरु द्वारा बालमैत्रि शिक्षण भएको, ४ जनाले शैक्षिक सामग्रीको प्रयोग सहित तालिम प्राप्त शिक्षकले अध्यापन गर्ने गरेको र ३ जनाले समयमै कोर्स सक्ने गरेको भन्ने जवाफ दिनुभयो । यसै शिलशिलामा प्रश्न सोध्ने क्रममा प्रत्येक छनौटमा परेका विद्यालयका एकमुस्ट ३६ जना विद्यार्थीहरुको जवाफ सुन्दा बालमैत्रि शिक्षण, शैक्षिक सामग्री प्रयोग र कोर्स समाप्तिमा क्रमशः २७ जना, ३० जना र १० जनाले आफ्नो आफ्नो राय उत्तरको क्रममा व्यक्त गरेका छन् भने सम्वन्धित क्षेत्रका श्रोत व्यक्तिलाई तालिम अनुगमनको वारेमा माथिकै प्रभावको प्रश्नवाट जानकारी लिँदा उत्तर सामान्य र मध्यम रहेको भन्ने स्पष्ट जवाफ दिनुभयो ।

यसरी टि.पि.डी. तालिमको प्रयोगलाई विभिन्न लक्षित समूहका सम्वन्धीत पक्षहरुवाट सकरात्मक प्रभाव पर्न गएको देखिन्छ ।

## ४.३ पेशागत विकास तालिम कार्यक्रम कार्यान्वयनका समस्याहरु

### ४.३.१ भौतिक व्यवस्थापन सम्बन्धी समस्या

विद्यालयमा अध्ययन अध्यापन कार्यलाई सरल प्रभावकारी तथा उपलब्धीमूलक बनाउनको लागि विद्यालयको भौतिक, सामाजिक तथा शैक्षिक अवस्था सवल तथा सुद्रढ हुन जरुरी हुन्छ । यसै क्रममा टि.पि.डी. तालिमको कार्यान्वयनमा देखा परेका समस्याहरु केलाउने क्रममा विद्यालयको वाहिरी वातावरण अर्थात भौतिक अवस्थाले पनि असर पारिरहेको भेटिएको छ । छनोटमा परेका विद्यालयका सम्वन्धीत शिक्षकहरु सँगको भेटमा विद्यालयको भौतिक अवस्था जस्तै विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, स्वस्थ्य खानेपानी, शौचालय, फर्निचर इत्यादि जस्ता संरचना पर्याप्त मात्रामा सबै विद्यालयमा नभएकोले शिक्षकलाई बालमैत्री शिक्षण प्रक्रिया अपनाई मनोरञ्जनात्मक शिक्षण गर्न अप्ठयारो भएको देखिन्छ । जसवाट तालिमको उपयुक्त सदुपयोग गर्न सकिएको छैन ।

यस क्रममा तालिम प्राप्त शिक्षकहरुले पनि तालिमको सही ढङ्गमा प्रयोग गर्न नसक्ने साथै तालिमलाई सहज रुपमा बुझ्ने जस्तो गरेर व्यवहारमा ल्याउन नसकेको कारणले पनि विद्यार्थीहरुमा सिकाईमा नैराश्यता र स्वतन्त्र प्रतिस्पर्धाको भावनामा कमी आएको देखिन्छ । यसरी तालिमलाई जीवनोपयोगी सीपमा ढाल्नको लागि सबै तालिम प्राप्त शिक्षकहरु सतप्रतिशत सफल भएको देखिदैन । फलस्वरुप विद्यालयको शैक्षिक उपलब्धिमा स्तर ह्रास भई रहेको देखिन्छ ।

यसरी तथ्याङ्कगत रुपमा हेर्दा कक्षाकोठा, कार्यालय कक्ष, खेलमैदान, पिउने पानीको व्यवस्था, शौचालय र फर्निचर आदि भौतिक बिषय समेटेर यस शोध अध्ययनमा समावेश गराइएका विद्यालयहरुको कक्षाकोठाको स्वरुपलाई हेर्दा विद्यार्थीहरुको संख्याको आधारमा एकै रुपको रहेको पाइदैन यसको साथसाथै भवनको स्वरुप, कक्षाकोठाको बनावट, हावादार झ्यालढोका, भुईं प्लास्टर, छानो, कालोपाटी आदि आधारमा हेर्दा समान खालको रहेको छैन । कार्यालय कक्षमा नै विद्यालयको सम्पूर्ण कार्यक्रम, सामग्री, विद्यार्थी शैक्षिक अभिलेख, लगायत महत्वपूर्ण भौतिक सामग्रीहरुको संरक्षण तथा प्रदर्शनीको लागि प्रयोग गरिएको हुनाले कार्यालय कक्षको अवस्थाले शिक्षक तथा विद्यार्थीको अनुशासन लगायत विविध मनोबैज्ञानिक धारणामा समेत प्रभाव पारेको हुन्छ । यसरी विद्यार्थीहरुमा कक्षाकोठा भित्रको शैक्षणिक क्रियाकलापको अलावा शारीरिक, बौद्धिक तथा खेल सीपको विकासको लागि खेलकुद सामग्री र खेल मैदानको आवश्यकता पर्दछ । विद्यालयमा रहेको खेल मैदानको अवस्थाले विद्यार्थीहरुमा खेलकुद सम्बन्धी प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विद्यालयमा रहेको खेल मैदानको आकार, घाँसे मैदान, समतल मैदान, घेरावारा, किनारामा वृक्ष रोपण जस्ता कुराहरुले विद्यार्थीहरुको खेल विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुको खेल मैदानलाई हेर्दा सबैमा एकै प्रंकारको रहेको पाइँदैन । मानिसको जीवन यापनको अभिन्न महत्वपूर्ण तत्वको रुपमा पानी रहेको छ । विद्यालयमा लगभग सात घण्टा बिताउने विद्यार्थीको लागि पिउने पानीको राम्रो प्रबन्ध हुनु अति आवश्यक छ । पिउने पानीको राम्रो व्यवस्था भएमा विद्यार्थीको स्वास्थ्य लगायत मानसिक तथा बौद्धिक रुपमा पनि सकारात्मक प्रभाव पार्न सक्दछ । यसको साथसाथै पानी पिउन कै कारणले विद्यार्थीले कक्षा छोड्ने वातावरण सृजना भएको छ । जुन मानवीय जीवनको विकराल समस्याको रुपमा तेर्सिएको छ ।

यसरी विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुको लागि भरसक छुट्टाछुट्टै शौचालयको व्यवस्था हुनु जरुरी हुन्छ । अझ छात्र छात्रा तथा शिक्षक शिक्षिकाको अलग अलग शौचालय भएमा सुविधायुक्त हुन जान्छ । कतिपय विद्यालयमा शौचालयको संख्याको अभाव र उचित प्रकारको शौचालय नहुनाले विद्यार्थीहरु बीचैमा कक्षा छोडेर घर जानुपर्ने बाध्यता पनि हुन्छ । तसर्थ तालिमले बालमैत्री शिक्षण गर्न, समालोचनात्मक सीप तथा जीवनोपयोगी सीप प्रदान गर्न दक्षता हासिल गराइएता पनि विद्यालय, माथि उल्लेखित समस्याहरुवाट गुज्रिएको हुनाले सोचे जस्तो परिणाम संभव हुन सकेको छैन ।

अतः नमूना छनोटमा परेका विद्यालयहरुको भौतिक व्यवस्थापन मध्यम खालको पाइयो । कक्षाकोठाको उपलब्धता, मात्रा र अवस्थालाई स्थलगत सर्वेक्षण गर्दा आधा जसो विद्यालयमा पर्याप्त देखिएता पनि सबैको गुणस्तर सन्तोषजनक देखिएन । फर्निचर व्यवस्थापन पनि केही विद्यालयमा बाहेक धेरैमा कमजोर अवस्थामा पाइयो । अधिकांश विद्यालयमा पुस्तकालय छैन, भएकोमा समेत व्यवस्थित छैन । पुस्तकालय भएपनि त्यसमा पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका तथा विषय विस्तृतीकरण जस्ता आधारभूत सामग्री नभएको पाइयो ।

स्थलगत अवलोकनको क्रममा विद्यालय निरीक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारीहरु र शिक्षक अभिभावक संघका पदाधिकारीहरु सँग लिइएको प्रतिक्रियाको आधारमा विद्यालयको भौतिक अवस्था कमजोर हुनका कारणहरुमा विद्यालयको आर्थिक स्थिति कमजोर, जनचेतनाको अभाव र आर्थिक हिनामिना भन्ने बुझिएको छ ।

### ४.३.२ शैक्षिक व्यवस्थापन सम्वन्धी समस्या

प्राथमिक तहमा पढाईले बिषयवस्तुमा विद्यार्थीले बलियो जग बसाल्न नसकेमा अथवा प्राथमिक र माध्यमिक तहमा पढाइने बिषयवस्तु बीच निरन्तरता नभएका विद्यार्थीलाई प्राथमिक तह पूरा गरे पनि अर्को तहको पढाई कठिन हुन सक्दछ । त्यसैले उपयुक्त शैक्षिक वातावरण, तालिम प्राप्त शिक्षक, शैक्षिक सामग्रीको भरपुर प्रयोग, उपयुक्त शिक्षण विधिको छनौट र पाठ्यक्रम र पाठ्यपुस्तक बीचको तालमेल मिलाउन नसक्नु नै अध्यापन कार्यमा देखा परेका शैक्षिक समस्याहरु हुन अर्को तर्फ पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण सही ढंङ्गले भएता पनि त्यसलाई विद्यार्थीमाझ पस्कनको लागि सही आवश्यकीय सीपको प्रयोग गर्न नसकिएको पनि अवस्था छ ।

सम्वन्धित उत्तरदाताहरुका अनुसार शिक्षण सिकाई प्रक्रियामा शैक्षिक सामग्रीलाई प्रभावकारी तवरवाट सिक्ने र सिकाउने साधनको रुपमा लिइन्छ । छनोट गरिएका विद्यालयहरुमा आधारभूत शैक्षिक सामग्री जस्तै पाठ्यक्रम, शिक्षक निर्देशिका, शब्दकोष, सन्दर्भ सामग्रीहरु र प्रदर्शन पाटीहरुको उपलब्धतालाई अवलोकन गर्दा बहुसंख्यक विद्यालयहरुमा उपलब्ध भएपनि तिनीहरुको प्रयोगको अवस्था अत्यन्तै कमजोर देखियो ।

मूल्य नपर्ने र कम मूल्यमा खरिद गर्न सकिने शैक्षिक सामग्री समेत प्राय सबै विद्यालयमा व्यवस्थित रुपमा संकलन, निर्माण, प्रयोग र संरक्षण गरेको अवस्थामा पाइएन । बढी मूल्य पर्ने सामग्रीहरु जस्तैः रेडियो, टेपरेकर्डर, क्यामेरा, सि.डी., कम्प्यूटर, टि.भी. आदि केही विद्यालयमा बाहेक अरु विद्यालयहरुमा व्यवस्थापन नभएको पाइयो । उपलब्ध भएका विद्यालयमा समेत तिनीहरुलाई व्यवस्थित ढंगले शैक्षिक सामग्रीको रुपमा प्रयोग नगरेको पाइयो

यसरी तथ्याङ्कगत रुपमा शैक्षिक समस्याहरुलाई केलाउँदा प्राथमिक तहका वालवालिकाहरुका लागि बढीमात्रामा खेल विधि तथा कथा कथन विधि प्रयोग गर्नु पर्नेमा व्याख्यान विधिमा नै रुमल्लिएको पाइएको छ । विद्यार्थीहरुको प्रत्येक बर्ष विद्यालय छाड्ने दर घट्नु पर्नेमा विविध कारणले परीक्षामा अनुपस्थित रहेका देखिन्छन् । यसरी तथ्याङ्कगत रुपमा हेर्दा तालिम प्राप्त शिक्षकहरुवाट पनि बालमैत्री शिक्षणको सही ढङ्गवाट प्रस्तुतीकरण हुन नसकेको देखिन्छ । शैक्षिक सामग्रीको निर्माण, संकलन तथा प्रयोगमा तालिम प्राप्त शिक्षकहरुवाट पनि प्रभावकारी ढङ्गवाट प्रयोग गरेको पाइदैन ।

यसरी समग्र रुपमा हेर्दा विद्यालयमा विविध आन्तरिक समस्याहरु शैक्षिक समस्याको रुपमा भेटिन्छन् । जुन हाम्रो मुलुकको शैक्षिक गतिविधिको यथार्थता हो ।

### ४.३.३ मानवीय व्यवस्थापन

तालिमलाई आधार मानि छनोटमा परेका विद्यालयको सरसर्ती अध्ययन अनुसन्धान गर्दा बहुसंख्यक शिक्षकहरुको योग्यता एस.एल.सी. मात्र भएको र केही शिक्षक प्रविणता प्रमाणपत्र तह रहेको पाइयो भने अल्प संख्यक शिक्षक सो भन्दा माथिल्लो तह पास गरेको पाइयो । यसरी न्यून्तम योग्यता भएका शिक्षकहरुवाट मात्र पठनपाठन गराउनु पर्ने अवस्था एउटा समस्याको रुपमा देखियो । छनौटमा परेका विद्यालयहरुका ज्येष्ठ शिक्षकहरुवाट पठनपाठनमा खास गरी अंग्रेजी तथा गणित विषयको अध्ययनमा गाह्रो मान्नु एक अर्को समस्याको रुपमा पाइयो ।

सम्पूर्ण शिक्षकहरुले पहिलो र दोस्रो चरणको टि.पि.डी. तालिम पूर्ण रुपमा लिइ नसकेको अवस्था पनि अर्को समस्याको रुपमा देखिएको छ ।

### ४.३.४ विद्यालय निरिक्षण तथा अनुगमन

शिक्षा नियमावली अनुसार शिक्षा मन्त्रालयले क्षेत्रीय शिक्षा निर्देशनालय, क्षेत्रीय शिक्षा निर्देशनालयहरुले आफ्नो मातहतका प्रत्येक जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा कार्यालयले आफ्नो जिल्ला अन्तर्गतका प्रत्येक विद्यालयको, वि.नि., स्रोत व्यक्तिहरुले आफ्नो नीरिक्षण क्षेत्र अन्तर्गतका प्रत्येक विद्यालयहरुको, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले आफ्नो विद्यालयको नियमित नीरिक्षण तथा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । साथै गाउँ शिक्षा समितिको व्यवस्था गरी गाउँ विकास समिति अन्तर्गत सञ्चालन हुने विद्यालयहरुको रेखदेख तथा सञ्चालन र विद्यालय विद्यालय बीच समन्वय गर्ने व्यवस्था मिलाइएको छ ।

यसै सन्दर्भमा शोधकर्ताले नमूना विद्यालयको शैक्षिक सत्र २०६८ मा भएको नीरिक्षण तथा अनुगमन सम्बन्धी तथ्याङ्क संकलन गरेको थियो ।

तालिका : १२ शैक्षिक सत्र २०६८ मा विद्यालय निरिक्षण तथा अनुगमनको अवस्था

| निरिक्षण कर्ता | निरिक्षण पटक (औषत) |
|---|---|
| विद्यालय व्यवस्थापन समिति | ६ |
| शिक्षक अभिभावक संघ | ४ |
| जिल्ला शिक्षा कार्यालय (जि.शि.अ.) | १ |
| विद्यालय निरिक्षक/ स्रोत व्यक्ति | ६ |
| क्षेत्रीय शिक्षा निर्देशनालय | - |
| शिक्षा मन्त्रालय (Focal Person) | - |
| गाउँ शिक्षा समिति | १ |
| अन्य (अभिभावक) | ३ |

स्रोत : विद्यालयको निरिक्षण रेकर्ड पुस्तिका, २०६८

उपयुक्त विवरण नमुना छनौटमा परेका विद्यालयमा गएर विद्यालयको निरिक्षण रेकर्ड पुस्तिकाहरु अवलोकन गर्दा औषत पटकको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय निरिक्षक, स्रोतव्यक्तिवाट, अभिभावकवाट निरिक्षण अनुगमन मध्यम

रुपमा भएता पनि जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा मन्त्रालय तथा गाउँ शिक्षा समितिवाट प्रभावकारी अनुगमन निरिक्षण हुन सकेको देखिदैन । जसवाट शिक्षकको तालिम राम्रो सँग कार्यान्वयन भए नभएको, लागु गरे नगरेको अनुगमन हुन सकेको छैन त्यसैले यसलाई टड्कारो समस्याको रुपमा यस अनुसन्धानमा राखिएको छ ।

## ४.४ शिक्षकको पेशागत विकासलाई प्रभावकारी बनाउने उपायहरु

### ४.४.१ भौतिक व्यवस्थापनको सुद्धढीकरण

शिक्षकको पेशागत विकासलाई प्रभावकारी तुल्याउन शिक्षकले आफूले लिएको तालिमलाई आफ्नो कार्यक्षेत्रमा सफल पार्न प्रभावकारी ढंङ्गवाट लागु गर्नुपर्ने हुन्छ । विद्यालयमा शिक्षण गर्दा अपनाउनु पर्ने शिक्षण विधि, शैक्षणिक प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आजको बदलिदो परिवेश नयाँ शिक्षा तथा बैज्ञानिक प्रणाली अनुसार हुनु पर्दछ जुन विद्यार्थीको जीवनोपयोगी सीप सँग सम्बन्ध होस् ।

यसरी अधिकांश विद्यालयहरुको कक्षाकोठाको साइज उपयुक्त नदेखिएकोले अव निर्माण गर्ने कोठाहरु विद्यार्थी संख्याको आधारमा निर्माण गर्नुपर्छ । कक्षाकोठामा पर्याप्त हावा तथा प्रकाश छिर्ने व्यवस्था मिलाउनु पर्छ । फर्निचर व्यवस्था विद्यार्थीको संख्या तथा उमेर अनुसारको गर्नुपर्छ । साना विद्यार्थीहरुको लागि अग्ला डेस्क बेन्च देखिएकोले त्यसलाई यथाशिघ्र व्यवस्थित गर्नुपर्छ । प्रत्येक विद्यालयमा पुस्तकालय र प्रयोगशालाको व्यवस्था मिलाउनु पर्दछ ।

प्रत्येक विद्यालयमा पिउने पानीको व्यवस्था मिलाउनु पर्छ । प्रायः जसो विद्यालयहरुमा उपयुक्त खेलमैदानको व्यवस्था नभएकोले खेलमैदान तथा अतिरिक्त क्रियाकलाप सञ्चालनको लागि त्यसको व्यवस्था मिलाउनु पर्छ । छात्र, छात्रा र शिक्षक स्टाफको लागि अलग-अलग शौचालयको व्यवस्था मिलाउनु पर्छ ।

### ४.४.२ शैक्षिक सामग्रीको व्यवस्थापन

अध्ययन छनौटमा परेका अधिकांश विद्यालयहरुमा शैक्षिक सामग्रीको व्यवस्थापनमा त्यति ध्यान नपुगेकोले शिक्षण सिकाइ अधुरो रहेको पाइएकोले विद्यालयहरुले विद्यार्थी तथा शिक्षक निर्मित मूल्य विहिन र कम मूल्यका शैक्षिक सामग्रीको प्रयोगमा विशेष ध्यान पुऱ्याउनु पर्छ । प्रत्येक कक्षामा शिक्षक प्रवेश गर्दा कुनै न कुनै शैक्षिक सामग्री लिएर जाने व्यवस्था

मिलाउनु पर्छ । यसका लागि विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकले आवश्यक पर्ने खर्च जुटाउनु पर्छ । केही प्राविधिक बिषयमा आवश्यक पर्ने बढी मूल्यका शैक्षिक सामग्री जस्तै माइक्रोस्कोप, प्रोजेक्टर, कम्प्यूटर आदिको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्छ । शैक्षिक सामग्री निर्माण तथा सङ्कलन गरेर मात्र हुँदैन, त्यसको उचित संरक्षण र प्रयोगको व्यवस्था समेत अनिवार्य रुपमा मिलाउनु पर्छ ।

### ४.४.३ विद्यालयमा योग्य शिक्षकको व्यवस्था

साना वालवालिकाको उचित संरक्षण र रेखदेखमा पुरुषको दाँजोमा महिला शिक्षकले बढी प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने भएकोले प्राथमिक तहमा बढी भन्दा बढी तालिम प्राप्त महिला शिक्षकलाई निरन्तरता दिनुपर्छ । अधिकांश शिक्षकको योग्यता एस.एल.सी. मात्र भएकोले तथा पुरानो शिक्षण प्रक्रिया अनुरुप अध्ययन गरेको कारण अहिलेको बदलिदो परिवेशमा अंग्रेजी, गणित तथा विज्ञान जस्ता विषयमा ती शिक्षकहरुले अध्यापन गर्न निकैं कठिनाईहरुको सामना गर्नु पर्ने अवस्था भएकोले ज्येष्ठ शिक्षकहरुलाई समुचित सेवा सुविधा उपलब्ध गराई निवृत्तिभरणको व्यवस्था मिलाई त्यस ठाउँमा योग्य भन्दा योग्य तालिम प्राप्त शिक्षकहरुको व्यवस्थापनमा सरोकारवालाहरुले ध्यान दिनुका साथै समय सापेक्ष सीपमूलक तालिमको व्यवस्था गरी शिक्षकको वृत्तिविकासमा जोड दिनु पर्दछ ।

### ४.४.४ प्रभावकारी कक्षा अवलोकन र अनुगमन

तालिम प्राप्त शिक्षकहरुले तालिमवाट फर्के पछि विद्यालयमा गर्ने शैक्षिक क्रियाकलापको अवलोकनमा विशेष गरी प्रधानाध्यापक बढी जिम्मेवारी बन्नुपर्छ । विद्यालय व्यवस्थापन समिति अध्यक्षले समेत शिक्षण प्रक्रियाका अवलोकनका साथै भौतिक व्यवस्थापनमा सहयोग पुऱ्याउनु जरुरी छ । विद्यालय नीरिक्षक तथा स्रोतव्यक्तिले मासिक योजना बनाई विद्यालय नीरिक्षणको कार्य अनिवार्य गर्नुपर्छ । वेलावेलामा जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा मन्त्रालय, शिक्षा विभाग आदिवाट समेत नियमित जाँच तथा नीरिक्षणको व्यवस्था मिलाई राम्रो काम गर्नेलाई पुरस्कार र गल्ती गर्नेलाई सुधारात्मक उपाय दिनुपर्ने समेत व्यवस्था मिलाउनु पर्छ ।

यसरी तालिमको प्रभावकारिता तथा कार्यान्वयनको समूचित लेखाजोखा गर्नको लागि सम्बन्धीत निकायको अनुगमन तथा सुझाव/परामर्श अत्यन्त जरुरी हुन्छ ।

# परिच्छेद पाँच

## प्राप्ती, निष्कर्ष र सुझाव

यस अध्ययन अनुसन्धानको लागि तोकिएको परिसीमाअनुसार झापा जिल्लाको चन्द्रगढी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित विद्यालयहरु मध्ये छ वटा सामूदायिक विद्यालयहरुलाई समावेश गरिएको यस शोध अध्ययन कार्य पूरा गर्ने क्रममा उपलब्ध सूचनाहरुको आधारमा शोध पत्रको उद्देश्य अनुरुप गरिएको व्याख्या विश्लेषणवाट आएका प्राप्ती, निष्कर्ष र सुझावहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ५.१ प्राप्ती

यस शोधअध्ययन कार्यमा चन्द्रगढी स्रोतकेन्द्र अर्न्तगत अध्ययन क्षेत्रमा संलग्न विद्यालयहरुको टि.पि.डी. तालिमको कार्यान्वयन अवस्था, त्यसले पारेको प्रभाव, रहेका समस्याहरुको पहिचान गर्ने कार्य गर्दा छनोटमा परेका विद्यालय बीच समानता भएता पनि सबैमा एकरुपता रहेको देखिएन । तुलनात्मक रुपमा भन्नुपर्दा पूर्णरुपमा टि.पि.डी. तालिम नलिएका शिक्षकको संख्या नै बढी देखिएको छ । शैक्षिक वातावरण सन्तुलनको लागि आवश्यक ठानिएका पक्षहरु जस्तै कक्षाकोठा, शौचालय, विद्युत, कार्यालय कक्ष, खानेपानी, फर्निचर जस्ता कुराहरु मात्र भएर हुँदैन तालिमको पनि त्यतिकै आवश्यक पर्दछ भन्ने कुरा यस अध्ययनले देखाएको छ ।

यसै गरी टि.पि.डी. तालिमले विद्यार्थीहरुको सिकाई उपलब्धीमा पारेको प्रंभावलाई तुलनात्मक रुपमा अध्ययन गर्ने क्रममा प्रयोग गरिएका सूचाङ्कहरु अन्तर्गतका विद्यालयमा शिक्षण सिकाई प्रक्रिया अन्तर्गत दैनिक पाठ्योजना निर्माण तथा प्रयोग, शैक्षिक सामग्री प्रयोग, मूल्याङ्कन प्रक्रिया, शिक्षण विधिको छनोट र प्रयोग, विद्यार्थी उपस्थिति, परीक्षामा सम्मिलीत विद्यार्थी उपलब्धी तथा शिक्षण सुधार निर्माण आदि हेर्दा तालिम प्राप्त शिक्षकहरुको तालिम लिनुपूर्वको अवस्था र तालिम लिई सके पछिको अवस्थामा क्रमिक सुधार भएको पाइयो । यस क्रममा छनोटमा रहेका विद्यालयका सम्वन्धीत सरोकारवालाहरुवाट प्राप्त जानकारी अनुसार पनि आफ्नो-आफ्नो विद्यालयका विविध समस्याहरुका बावजुध तालिमको प्रभावकारी कार्यान्वयन गर्न गराउन पहल गरिरहेको पाइएको छ ।

## ५.२ निष्कर्ष

यस चन्द्रगढी स्रोतकेन्द्र अन्तर्गत छनौटमा परेका विद्यालयहरुलाई समावेश गरी गरिएको यस शोध अध्ययन एउटा निष्कर्ष निकाल्न सफल भएको छ । पक्कै पनि तालिम प्राप्त शिक्षकवाट गरिएको अध्यापन कार्यले शैक्षिक क्रियाकलाप र उपलब्धीमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस अध्ययनमा संलग्न गराइएका विद्यालयहरुको टि.पि.डी. तालिम लिनुपूर्वका शिक्षक तथा उक्त शिक्षकहरुले टि.पि.डी. तालिम लिए पश्चात विद्यालयमा भए गरेका गतिविधिहरुमा तुलना गर्दा दैनिक पाठयोजना, शैक्षिक सामग्री प्रयोग, विद्यार्थी मूल्याङ्कन, शिक्षण विधि, विद्यार्थी उपलब्धी, शिक्षण सुधार योजना तथा परियोजना कार्यमा टि.पि.डी. तालिम लिनुपूर्वका शिक्षक भन्दा टि.पि.डी. तालिम लिए पश्चातका शिक्षकहरुले गरेका कार्यमा बढी संख्या तथा प्रतिशत हुनु तालिमको प्रभावकारिता रहेको देखिन्छ ।

यसअर्थमा तालिमको प्रभावकारिता अझ वृद्धिगर्न विद्यालयको भौतिक व्यवस्थापनमा सुधार गरी शैक्षिक क्रियाकलापलाई अगाडि बढाउन सके साथै तालिमको समूचित सदुपयोग गर्न सके ती विद्यालयहरुको शैक्षिक क्रियाकलाप, विद्यार्थी उपस्थिति, योजना निर्माण, शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग साथै उपयुक्त विद्यार्थी मूल्याङ्कनको प्रयोग लगायत सर्वाङ्गिण पक्षमा अझ बढी सकरात्मक प्रभाव पर्नेछ । यसको लागि सम्वन्धित सबै पक्षको ध्यान केन्द्रित हुनु आवश्यक देखिएको छ ।

## ५.३ सुझाव

यस शोध अध्ययन कार्य पूरा गर्ने क्रममा अध्ययन क्षेत्रमा विभिन्न खाले समस्याहरु देखिएका छन । विद्यार्थीहरुको सिकाई उपलब्धीलाई प्रत्यक्ष प्रभाव पार्ने शैक्षिक तालिमको कार्यान्वयन अवस्थामा देखिएको समस्या समाधानार्थ सम्बन्धीत सबै पक्षको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । यसरी सुझावको रुपमा सम्वन्धीत पक्षहरुलाई निम्नानुसार सुझाव दिन यथोचित हुन्छ ।

### ५.३.१ नीति निर्माण तह

SSRP Moduel अनुसार दिइएको टि.पि.डी. तालिमको माथिल्लो सम्वन्धित निकायवाट पुनरावलोकन समय समयमा हुनु आवश्यक छ । यसै गरी शैक्षिक तालिम केन्द्रवाट निश्चित समयको योजना बनाएर सम्पूर्ण शिक्षकहरुलाई तालिममा अनिवार्य सहभागिता भए

नभएको साथै Focal Person हरु द्वारा विद्यालयमा तालिमको कार्यान्वयन एंव प्रभावकारीता सम्बन्धी अध्ययन अनुगमन गरिरहनु पर्ने जरुरी देखिन्छ ।

५.३.२ कार्यान्वयन तह

यस अध्ययन अनुसन्धान मार्फत तालिम लिने सम्पूर्ण शिक्षकहरुले तालिममा सिके गरेका सम्पूर्ण सैद्धान्तिक ज्ञान तथा परियोजना कार्य अर्न्तगतका कार्यमूलक अनुसन्धानलाई शैक्षिक अनुसन्धानको रुपमा विद्यार्थीको मनोवैज्ञानिक चिन्तालाई मध्यनजर गरी अध्यापन गर्नु पर्ने देखिन्छ । जसवाट विद्यार्थीको समस्याालाई निदानात्मक रुपमा समस्या समाधान गर्न सकिन्छ ।

सिकाई उपलब्धीमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने महत्वपूर्ण पक्षको रुपमा रहेको टि.पि.डी. तालिममा पनि विभिन्न प्रकारका समस्याहरु रहेको देखियो । विद्यालयको शैक्षिक स्तरलाई उकास्नका लागि आवश्यक तालिम व्यवस्था केवल सैद्धान्तिक कागजको रुपवाट मात्र नहुने हुनाले सम्बन्धीत सबै पक्षको प्रत्यक्ष उपस्थिति, आर्थिक सहयोग, स्रोत र साधनको व्यवस्था लगायत व्यवस्थापकीय तालिम जस्ता कुराहरु समस्याको रुपमा देखिए भने यिनै पक्षहरुलाई सवल र सक्षम बनाई सैद्धान्तिक धारणालाई व्यवहारिक रुपमा रुपान्तरण गर्न सबै एकजुट भए लक्ष्योन्मुख प्रभावकारिता हासिल गर्न सकिन्छ ।

५.३.३ अनुसन्धान तह

यो शोध अध्ययन कार्यवाट भविष्यमा शैक्षिक अनुसन्धान गर्ने अध्येताहरुका लागि पूर्व साहित्यको पूनरावलोकन हुने कुरामा सहयोग पुग्न सक्छ साथै कुनै पनि अनुसन्धान तहमा गहिरिएर अध्ययन गर्न ठूलो मद्दत मिल्दछ ।

यसर्थ सम्वन्धित स्थानिय स्तर र स्वयं विद्यालयहरुले जिम्मेवारीपूर्वक विद्यार्थीहरुको भविष्य निर्माण क्षेत्र विद्यालय नै हो भन्ने कुरालाई आत्मसात गरी सोही अनुसारका शैक्षिक गतिविधि सञ्चालन गदै आवश्यक तालिम व्यवस्थापनमा तथा लिएको तालिमको कार्यान्वयनमा सकारात्मक ढङ्गवाट जोड दिनुपर्ने देखिएको छ । अन्ततः शिक्षा सँग सम्बन्धीत जो कोही शिक्षाप्रेमी र सरोकारवाला साथै तालिम प्राप्त शिक्षकहरुले विद्यार्थीहरुको सुनौलो भविष्य निर्माणथलो विद्यालयप्रति सकारात्मक, रचनात्मक र सृजनशील धारणाको विकास गरी व्यवहारमा उतार्न आफ्नो सहभागिताको प्रतिवद्धता प्रण गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, बलराज (२०६७), *शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारीता,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, एम.एड.तह, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखि क्याम्पस इन्द्रपुर, मोरङ्ग ।

खड्का, जीवराज (२०५६), *शिक्षक तालिमको महत्व र प्रभावकारीता (लेख),* शिक्षक मासिक पत्रिका - वर्ष ३ अङ्क ४, झापा, पेज नं. १४ ।

खनाल मुकुन्द मणी र लुईटेल वालचन्द्र (२०६४), *शिक्षकको पेशागत सीप Generic विकास तालिम,* सानोठिमी भक्तपुर, शैक्षिक जनशक्ति विकास केन्द्र, ।

खत्री, डम्बरबहादुर (२०६३), *प्राथमिक तहका शिक्षकको तालिमले शिक्षण सिकाइमा पारेको प्रभाव,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, एम.एड.तह, अप्रकाशित शोधपत्र, सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत ।

भट्टराई, रमेश र लुईटेल, वालचन्द्र (२०६४), *सक्षमतामा आधारित माध्यमिक शिक्षक तालिम,* सानोठिमी भक्तपुर, शैक्षिक जनशक्ति विकास केन्द्र,।

भण्डारी, अर्जुनबहादुर (२०६१), *शिक्षक अभिभावक बीच सम्बन्ध, NCED News Letter, 6(1),, pp 07,* भक्तपुर ।

वाग्ले, मनप्रसाद (२००१), *शिक्षक लाइसेन्स आवश्यकता र चुनौती,* काठमाडौं, पैरवि प्रकाशन, ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६५), *कक्षाकोठामा मनोविज्ञान,* भोटाहिटी, काठमाडौं, एम.के.पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स,।

शै.ज.वि.के. (२०६७), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* सानोठिमी, भक्तपुर, शैक्षिक जनशक्ति विकास केन्द्र ।

शै.ज.वि.के. (२०६९), *प्रशिक्षक प्रशिक्षण निर्देशिका,* सानोठिमी, भक्तपुर ।

श्रेष्ठ, केदारनाथ (२०६२), *नेपालमा शिक्षक तालिमको अवस्था,* अन्तराष्ट्रिय शैक्षिक मञ्च, वर्ष ३, अंक ८, काठमाण्डौ ।

श्रेष्ठ, बुनु र भण्डारी, अर्जुन बहादुर (२०६१), *तालिमको महत्व शिक्षक शिक्षा* , एकाई तिन, पेज नं. २१, सानोठिमी, भक्तपुर, शै.ज.वि.के.।

# अनुसूची १

## शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा उपयोगको अवस्था

## झापा जिल्लामा चन्द्रगढी स्रोत केन्द्र अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको विवरण

| क्र.सं | विद्यालयको नाम | ठेगाना | प्रधानाध्यापकको नाम |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र नमूना उच्च मा.वि.√ | चन्द्रगढी | श्री टंक पाण्डे |
| २ | श्री पुँहातु जनज्योती मा.वि. | चन्द्रगढी | श्री शिवराम लुइटेल |
| ३ | श्री पशुपती नि.मा.वि. √ | चन्द्रगढी | श्री श्यामहरी अधिकारी |
| ४ | श्री जीवन ज्योती नि.मा.वि. | चन्द्रगढी | श्री ओमनारायण प्रधान |
| ५ | श्री भगवती प्रा.वि. | चन्द्रगढी | श्री रिता कार्की |
| ६ | श्री कृष्ण प्रा.वि. | चन्द्रगढी | श्री किसन न्यौपाने |
| ७ | श्री कलवलगुरी प्रा.वि. | चन्द्रगढी | श्री मिरा पौडेल |
| ८ | श्री भृकुटी प्रा.वि. | चन्द्रगढी | श्री लक्ष्मी निरौला |
| ९ | श्री भद्रपुर उच्च मा.वि. | भद्रपुर | श्री कृष्ण प्रसाद उपाध्याय |
| १० | श्री शारदा नि.मा.वि. √ | भद्रपुर | श्री श्रीतीरानी देव |
| ११ | श्री पृथ्वी नि.मा.वि. | भद्रपुर | श्री सुष्मा दाहाल |
| १२ | श्री गौतम बुद्ध प्रा.वि. √ | भद्रपुर | श्री लोहित भण्डारी |
| १३ | श्री पशुपती प्रा.वि. | भद्रपुर | श्री चमेली खड्का |
| १४ | श्री भानु प्रा.वि. | भद्रपुर | श्री चन्द्रकला कार्की |
| १५ | श्री अरनिको मा.वि. √ | महेशपुर | श्री श्यामदेव दास |
| १६ | श्री जनकल्याण नि.मा.वि. | महेशपुर | श्री महेश घिमिरे |
| १७ | श्री मेची प्रा.वि. | महेशपुर | श्री चमक राजवंशी |
| १८ | श्री महेशपुर प्रा.वि. √ | महेशपुर | श्री शोभाकान्त चौधरी |
| १९ | श्री पशुपती प्रा.वि. | महेशपुर | श्री पर्शुराम राई |
| २० | श्री आदर्श प्रा.वि. | महेशपुर | श्री बसन्त गणेश |
| २१ | श्री सरस्वती विद्या मन्दिर प्रा.वि. | महेशपुर | श्री कमुलाल राजवंशी |

# अनुसूची २

## शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा उपयोगको अवस्था

### नमूना छनौटमा परेका विद्यालयहरु

| क्र.सं | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र नमूना उच्च मा.वि. | चन्द्रगढी | |
| २ | श्री पशुपती नि.मा.वि. | चन्द्रगढी | |
| ३ | श्री शारदा नि.मा.वि. | भद्रपुर | |
| ४ | श्री गौतम बुद्ध प्रा.वि. | भद्रपुर | |
| ५ | श्री अरनिको मा.वि. | महेशपुर | |
| ६ | श्री महेशपुर प्रा.वि. | महेशपुर | |

# अनुसूची ३

## शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा उपयोगको अवस्था

### विद्यार्थीका लागि छलफलका प्रश्नावली

विद्यार्थीको नाम.................................कक्षा.........मिति...................

विद्यालयको नाम.................................

१. तिम्रो नाम के हो ?

...................................

२. तिम्रो घर कहाँ हो ?

...................................

३. तिम्रो वुवाको नाम के हो ?

.....................................

४. तिमीलाई मन पर्ने बिषय कुन हो ?

................................................

५. किन त्यो बिषय मन पर्छ ?

.................................................

६. त्यो बिषय अध्यापन गराउने शिक्षकको नाम के हो ?

.................................................................

७. त्यो बिषय अध्यापन गराउँदा शिक्षण सिकाइ किन सहज भएको हो ?

. ..................................................................................

८. नयाँ पाठको शुरुवात कसरी गर्नुहुन्छ ? .          .

.............................................

९. शैक्षिक सामग्रीलाई कसरी प्रयोग गर्नुहुन्छ ?

..................................................

१०. शैक्षिक सामग्री आकर्षक तथा सबैले देख्ने गरी बनाएको हुन्छ कि हुँदैन ?

.....................................................................................

११. शिक्षण सिकाइ क्रियाकलाप गर्दा प्रश्न गर्नु हुन्छ ?

.........................................................................

हुन्छ भने कसरी गर्नु हुन्छ ..........................................

१२. कक्षाकार्य तथा गृहकार्य दिनु हुन्छ ?

...........................................

१३. कक्षाकार्य तथा गृहकार्य जाच्नु हुन्छ ?

..............................................

१४. कक्षाकार्य तथा गृहकार्य नगर्दा के गर्नु हुन्छ ?

.........................................................

# अनुसूची ४

## शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा उपयोगको अवस्था

### शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम.................................................................

विद्यालयको नाम....................................ठेगाना..................

१. तपाई कति समयदेखि शिक्षकको रुपमा कार्यरत हुनुहुन्छ ?

..............................................................................

२. तपाईले अध्यापन गर्ने विषयहरु के-के हुन् ?

............................................................

३. तपाई कुन-कुन तालिम लिइसक्नु भएको छ ?

...............................................................

४. टि.पी.डी. तालिमलाई कसरी लिनु भएको छ ?

.................................................................

५. टि.पी.डी. तालिमले तपाईलाई के कस्तो सहयोग पुऱ्याएको छ ?

.......................................................................................

६. टि.पी.डी. तालिम लिएपछि र लिनु भन्दा अघि के कस्ता फरक पाउनु भएको छ ?

............................................................................................................

७. तपाईलाई अध्यापन गर्दा आइपर्ने कठिनाइहरु के-के छन् ?

..............................................................................

८. समस्या समाधानका लागि शिक्षक समूहमा छलफल गर्नु भएको छ ?

...........................................................................

९. समस्या समाधानका के कस्ता उपायहरु सोच्नु भएको छ ?

........................................................................................

# अनुसूची ५

## शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा उपयोगको अवस्था

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षको लागि प्रश्नावली

अध्यक्षको नाम..........................................................................

विद्यालयको नाम........................................ठेगाना......................

१. तपाईको शुभ नाम के हो ?

. ........................................

२. तपाईको कती जना नानी यस विद्यालयमा अध्ययनरत छन् ?

.................................................................................

३. तपाईको नानीको नाम के हो ?

.........................................................

४. तपाईको नानी कति कक्षामा अध्ययन गर्छ ?

......................................................

५. विद्यालय व्यवस्थापन समितिको हैसियतमा तपाईको कार्य अनुभव बर्ष कती हो ?

.........................................................................................................

६. यस विद्यालयमा अघिल्लो कार्यकालमा पनि तपाई अध्यक्षको रुपमा सेवा गर्नु भएको हो ?

....................................................................................................

७. विद्यार्थी र कक्षागत अनुपातमा तपाईको विद्यालयमा शिक्षक दरवन्दी पूर्ण छ कि छैन् ?

..........................................................................................

८. सम्पूर्ण शिक्षकहरु सेवाकालिन (१० महिने) तालिम लिनुभएको छ ?

..........................................................................................

९. तपाईले कक्षाकोठामा भइरहेको शिक्षण सिकाइ क्रियाकलापलाई हेर्नु भएको छ वा छैन ?

..........................................................................................

१०. शिक्षकले शिक्षण गर्ने सन्दर्भमा के कस्ता सामग्रीहरुको माग गर्नु हुन्छ ?

..........................................................................................

११. शिक्षकहरु तालिम लिएर आए पछि उनले लिएको तालिमको बिषयमा केही छलछल गर्ने गर्नु भएको छ ?

छ भने..........................................................................................

१२. तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षक विचमा के कस्ता फरक हुन सक्छ ?

..........................................................................................

१३. शिक्षकले तालिम लिनुपूर्व र तालिम लिए पश्चात गरेको सिकाईमा के कस्ता भिन्नता पाउनु भएको छ ?

..........................................................................................

१४. तपाईको विचारमा तालिम लिएका शिक्षक र तालिम नलिएका शिक्षकको बीचमा हुने फरक के के हुन सक्छन् फरक पाउनु भएको छ वा छैन ?

..........................................................................................

# अनुसूची ६

## शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा उपयोगको अवस्था

प्रधानाध्यापकका लागि तयार गरिएको प्रश्नावली

प्रधानाध्यापकको नाम..............................................................

विद्यालयको नाम...................................ठेगाना.......................

१. तपाई कति समयदेखि यस विद्यालयको प्रधानाध्यापकको रुपमा कार्यरत हुनुहुन्छ ?

.................................................................................................................

२. यस विद्यालयमा कति जना शिक्षक कार्यरत हुनुहुन्छ ?

.....................................................................

३. यस विद्यालयमा टि.पी.डी. तालिम कति जना शिक्षकहरुले लिइसक्नु भएको छ ?

.................................................................................................................

४. टि.पी.डी. तालिमले शिक्षण सिकाइ क्रियाकलापमा के कसरी सहयोग पुऱ्याइरहेको पाउनुभएको छ ?

..........................................................................................

५. टि.पी.डी. तालिम सम्बन्धमा तालिम लिने शिक्षकहरुसंग परामर्श गर्नुभएको छ ?

..........................................................................................

६. छ भने तालिम लिए पश्चात के कस्ता नयाँ कुरा प्राप्त भएका छ र ?

.........................................................................

७. टि.पी.डी. तालिम लिए पूर्व र तालिम लिए पश्चात सम्वन्धित शिक्षकहरु बिच के कस्तो भिन्नता पाउनुभएको छ ?

...............................................................................................

८. तपाईको विद्यालयको शैक्षिक उपलब्धी वृद्धि गर्न टि.पि.डी. तालिमको प्रभाव के कस्तो रुपमा परेको छ ?

...............................................................................................

९. टि.पी.डी. तालिम लिएका र नलिएका शिक्षकको शैक्षिक उपलब्धीमा के फरक पाउनु भएको छ ?

...............................................................................................

१०. तालिम लिइसके पछि पनि टि.पि.डी. तालिममा के कस्ता समस्या देखा परेका छन् ?

.........................................................................................

११. समस्या सुझाउनका लागि तपाईले के कस्ता भूमिका निर्वाह गर्नुहुन्छ ?

.........................................................................................

# अनुसूची ७

## शिक्षकको पेशागत विकास तालिमको विद्यालयमा उपयोगको अवस्था

### स्रोतव्यक्तिका लागि तयार गरिएको प्रश्नावली

नाम...........................................................................

स्रोतकेन्द्रको नाम.................................ठेगाना.....................

१. तपाईको निरीक्षण क्षेत्र तथा स्रोतकेन्द्रमा टि.पी.डी. तालिम कहिले देखि सञ्चालन भएको हो ?

.....................................................................................................

२. यस तालिमलाई सेवा क्षेत्र भित्रका शिक्षकहरुले कसरी लिनु भएको छ ?

.....................................................................................................

३. टि.पि.डी. तालिम कार्यक्रमलाई तपाई कसरी व्याख्या गर्नुहुन्छ ?

.............................................................................

४. टि.पी.डी. तालिम प्राप्त शिक्षकहरुको कक्षा नीरिक्षण गर्नुभएको छ वा छैन् ?

.........................................................................................

५. विद्यालयमा टि.पी.डी. तालिमको कार्यान्वयन अवस्था कस्तो रहेको छ ?

............................................................................................

६. टि.पी.डी. तालिम कार्यान्वयन पश्चात तपाईको सेवा क्षेत्रमा आएको विद्यार्थी सिकाइ उपलब्धीको अवस्था के कस्तो छ ?

.....................................................................................................

७. टि.पी.डी. तालिम लिई सकेपछि शिक्षकहरुमा देखिएका समस्याहरु के-कस्ता रहेका छन् ?

.....................................................................................................

८. समस्याहरु समाधानका लागि तपाईको तर्फवाट के कस्ता उपायहरु अपनाउनु भएको छ ?

.....................................................................................................